# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आजका बालबालिका उनीहरुको परिवारका मात्रै सम्पत्ति नभएर सम्पूर्ण समाज र राष्ट्रकै सम्पत्ति हुन् । आज उनीहरुलाई गुणस्तरीय र व्यवहारिक शिक्षा हासिल गर्न उचित वातावरण निर्माण गर्न सकियो भने भविष्यमा समाज र राष्ट्रकै मुहार फेरिन सक्छ । विद्यार्थीहरुलाई शिक्षा आर्जन गर्न उचित वातावरण निर्माण गर्न सकियो भने भविष्यमा समाज र राष्ट्रकै मुहार फेरिन सक्छ । विद्यार्थीहरुलाई शिक्षा आर्जन गर्न उचित वातावरण तयार गर्ने जिम्मा विद्यालयको मात्रै नभई अभिभावकको पनि हो । अझ भन्नुपर्दा यस कार्यको सफलताको लागि शिक्षण सिकाई क्रियाकलापमा संलग्न सम्बद्ध पक्षहरु मात्र नभएर समग्र समाज र सम्पूर्ण राष्ट्र नै यसप्रति सधैं सचेत र सतर्क अवस्थामा रहनुपर्दछ ।

सामाजिकीकरण भनेको एउटा सिक्ने प्रकृया हो यहि प्रक्रियाको आधारमा एक जैविक प्राणिको रुपमा मात्र जन्मेको मानिसलाई सामाजिक प्राणिको रुपमा परिवर्तन गर्न सकिन्छ । व्यत्तिलाई समाजमा निरन्तर रुपमा हुने परिवर्तन अनुरुप बनाइन्छ । यो सिक्ने प्रक्रिया मानिसको जन्मदेखि प्रारम्भ भई मृत्यृसम्म पनि चलिरहन्छ । पहिला सामाजिक प्राणि बन्ने कुराको लागि र पछि परिवर्तित समाज अनुरुप बन्नको लागि यो प्रकृया चलिरहन्छ । मानव जीवनमा सिक्ने प्रक्रियाको अन्त कहिल्यै पनि हुदैंन । कुनैपनि व्यत्तिले परिवार, छिमेकी आफ्ना नातागोता साथी शिक्षण संस्था आदिको माध्यम र सम्पर्कबाट जुन कुरा सिक्दछ त्यहि सिक्ने प्रक्रियालाई सामाजिकीकरण भनिन्छ (लुइटेल, २०६५) ।

शिक्षा मानिसको जन्मदेखि मृत्यृपर्यन्त सम्म निरन्तर रुपमा चलिरहने प्रकृया हो । यो प्रकृया कोर्कोबाट सुरुभएर चितामा गएर अन्त्य हुन्छ । शिक्षालाई सिकाइको संसार भनिन्छ । विद्यालय महाविद्यालय शिक्षा व्यवस्था सामाजिक सरकारी संघसस्था एवं घरपरिवार, समुदाय साथीसमूह आदिबाट औपचारिक अनौपचारिक एवं अनियमित जुनसुकै रुपमा पनि सिक्ने प्रक्रियालाई शिक्षा भनिन्छ (बेल्वासे र पन्थ, २०६६) ।

संसारमा मानव सभ्यताको विकाससँगै शिक्षाको पनि विकास भएको पाइन्छ मानव

जातिको इतिहासलाई नियाल्दा मानिसले विभिन्न कालखण्ड तथा परिस्थिति पार गर्दै आजको युगसम्म प्रवेश गरेको पाइन्छ । त्यसैले शिक्षा प्राप्त गर्ने क्रममा अभिभावकको महत्वपूर्ण भुमिका रहेको हुन्छ । जबसम्म बालबालिकाको सिकाई सफल पार्नमा अभिभावकहरुको सक्रिय भूमिका हुँदैन तबसम्म सिकाइ व्यवस्थित, चिरस्थायी र दिगो हुन सक्दैन सिकाई प्रदान गर्ने क्रममा अभिभावकहरु निस्क्रिय रहेमा बालबालिकाहरु पनि निस्क्रिय रहन्छन् । त्यसैले उच्च स्तरिय तथा व्यवस्थित सिकाइ प्रदान गर्न अभिभावक सक्रिय रुपमा अगाडि बढ्नुपर्छ ।

प्राचिन कालदेखि नै समाजमा प्रचलित रितीरिवाज चालचलन विश्वास आर्दश धर्मप्रतिको जनधारणा सामाजिक मान्यता (social value system) मा आधारित पारिवारिक शिक्षादिक्षाको परम्परा थियो । सम्पूर्ण शिक्षादिक्षा एक पिढींबाट अर्को पिढींमा हस्तान्तरण हुँदै जान्थ्यो । त्यसैले बालबालिकाको सिकाईमा अभिभावकको भूमिका गहन रहने गरेको पाइन्छ (शर्मा २०५८) ।

वास्तवमा सम्पूर्ण शैक्षिक प्रक्रियाका केन्द्रबिन्दु बालबालिका वा विद्यार्थी हुन् । राष्ट्र र समाजको आवश्यकता पुरा गर्न विद्यार्थीहरुको आवश्यकता पुरागर्नुपर्दछ । बालबालिकाको अभिरुचि आवश्यकता र क्षमता पहिचान गरि त्यस अनुरुपको प्रत्यक्ष शिक्षा दिने काम शिक्षकको हुन्छ भने त्यसका लागि प्रत्यक्ष अप्रत्यक्ष रुपमा वातावरण अनुकुल बनाइदिने काम अभिभावकको हुन्छ । बालबालिकाको व्यवहार र विद्यालयको शैक्षिक वातावरण अन्तर्गत योग्य तथा अनुभवी शिक्षक, भौतिक सुविधा,शैक्षिक सामाग्रि तथा उपकरण पर्याप्तता, पुस्तकालय तथा प्रयोगशालाको उचित व्यवस्थापनमा अभिभावकको सक्रिय भूमिका रहन्छ ।  सकारात्मक वातावरणका पक्षहरु जुटाउन अभिभावकको विशेष महत्वपूर्ण सहयोग रहने गर्दछ । विद्यालयलाई आवश्यक पर्ने भौतिक सामाग्री तथा उपकरण आदि जोड्नका लागि पनि अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ । अभ्र बाबालिकाहरु जम्मा छ घण्टा मात्र विद्यालयमा जान्छन् बाँकि १८ घण्टा घरमै हुन्छन् यो विद्यालयभन्दा घरमा तीन गुणा बढी समयसम्म बालबालिकाहरु अभिभावकको संरक्षकत्वमा रहने हुनाले बालबालिकाका हरेक क्रियाकलापमा अभिभावकको नजर पुग्नुपर्ने देखिन्छ र पुगेको पनि हुन्छ । यो अर्थमा बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भुमिका महत्वपुर्ण रहने गर्दछ ।

ऐतिहासिक कालखण्ड देखि नै मानिसहरुमा चेतनाको बृद्धि हुँदै जान थाल्यो मानिसका इच्छाहरु असिमित बन्दै गए, मानिसले आफूसँग जे जति छ त्यसमा मात्र जीवन गुजारा गर्न सम्भव देखेनन् । फलस्वरुप उनीहरुमा औधोगिक क्रान्तिको सूत्रपात हुन पुग्यो जसले गर्दा शिक्षामा पनि व्यापक परिवर्तन खोज्न थालियो प्राचिनकालमा गुरुकुल शिक्षा मध्ययुगमा धार्मिक ग्रन्थहरुबाट शिक्षा क्षेत्र बढि प्रभावित हुन पुग्यो । वेद गीता, रामायण, वाइवल, कुरान जस्ता धार्मिक ग्रन्थहरुबाट शिक्षा लिन थालियो फ्रान्सेली राज्य क्रान्ति र औधोगिक क्रान्तिहरुले गर्दा शिक्षामा पनि नयाँनयाँ चिन्तनहरुको विकास भयो शिक्षाको उत्पत्ति ग्रिसबाट भएको पाइन्छ । पाश्चात्य जगतमा प्राचिन कालको शिक्षा इश्वरशत्ति, अस्तित्व, मानव ज्ञानको स्वभाव र असल जीवनका लागि समाजशास्त्र, गणित र विज्ञान जस्ता विषयहरुको सामान्य शिक्षा लिने गरेको पाइन्छ (सिंह, २०६५) ।

नेपालको शिक्षा दिवस २०७२ को नारा दिगो विकासको लागि गुणस्तरीय शिक्षा सबैको लागि सुरक्षित शिक्षण संस्था रहेको छ भने २०७३ को संमृद्ध राष्ट्र निर्माणका लागि जीवनोपयोगी शिक्षामा लगानी रहेको छ । नेपालमा ५ वर्ष र सो भन्दा माथिको साक्षरता दर ६५.९ प्रतिशत - महिला ५३.१ र पुरुष ७४.७ रहेको छ । नेपालको शिक्षाको वर्तमान संरचनाअनुसार ३ देखि ४ वर्षका विद्यार्थीका लागि १ देखि २ वर्षे पूर्व प्राथमिक शिक्षा ५ देखि १२ ववर्षसम्मका विद्यार्थीहरुका लागि कक्षा १ देखि ८ को आधारभूत शिक्षा १३ देखि १६ वर्षका उमेरका विद्यार्थीहरुका लागि कक्षा ९ देखि १२ को माध्यमिक शिक्षाको व्यवस्था रहेको छ उच्च शिक्षातर्फ ३ देखि ५ वर्षको स्नातक, २ देखि ३ वर्षको स्नातकोत्तर १.५ वर्षको एमफिल र ३ देखि ७ वर्षको विद्यावारिधी तहका कार्यक्रमहरु विभिन्न विश्वविद्यालय अन्तर्गत संचालित छन् (भटट्राई, २०७२) ।

नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धि हकको व्यवस्था गरिएको छ । जस अन्तर्गतको धारा १ मा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ भनि उल्लेख गरिएको छ । सोहि धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि उल्लेख गरिएको छ । त्यस्तै सोहि धारा अन्तर्गतको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका

लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ भनि उल्लेख गरिएको छ (शिवाकोटि, २०७२) ।

मानव जगतलाई सफल र सभ्य बनाउने माध्यम शिक्षा हो । शिक्षाले अन्धविश्वास तथा अज्ञानता हटाउन मद्दत गर्दछ । शिक्षा क्षेत्रको विकासले गर्दा नै अन्य क्षेत्रको पूर्वाधारहरुको विकासको बाटो खोलिदिन्छ । मानव विकासको सुचाङक तयार गर्दा पनि शिक्षा क्षेत्रको विकासलाई प्रमुख विषयको रुपमा अध्ययन गरिन्छ शिक्षा क्षेत्रमा प्रगति गरेका देशहरुनै आज संसारमा विकसित देशहरुको नामले परिचित छन् । शिक्षाले मानिसलाई सजग सभ्य सहिष्णु, शालिन, सफल मिलनसार र अनुषाशित बनाउँछ । यसले मानिसलाई पछौटेपन र अज्ञानताबाट मुक्त गराउँछ ।

निष्कर्षमा भन्नुपर्दा सिकाई विश्वव्यापि र जीवनभर चलिरहने प्रक्रिया हो । सिकाइ गतिशिल छ र मानव जीवनबाट मृत्युसम्मका हरेक क्षणमा सिकाइको आवश्यकता पर्दछ । त्यसकारण सिकाइ यहि प्रकृतिको हुन्छ भनि किटान गर्न वा सिकाइको व्यापकतालाई कुनै संकुचित घेराभित्र राखेर बाध्न सकिदैन सिकाई विभिन्न अवस्था वातावरण समय र आवश्यकता अनुसार फरक फरक प्रवृत्तिको हुने गर्दछ र सिकाई भनेको विभिन्न तरिकाबाट अनुभव प्राप्त गरि व्यवहारमा परिवर्तन गर्नु र तालिमको व्यवहारबाट खास उमेर समुहमा गर्ने व्यवहारमा कुशलता प्रदान गर्नुका साथै अप्रशिक्षित वा तालिमप्राप्त भन्दा बढि राम्रो व्यवहार प्रर्दशन गर्नु हो । सिकाइ अनुभव एवं तालिमका माध्यमबाट आउने व्यवहारको परिमार्जन हो । बालबालिका वा विद्यार्थी, शिक्षक र अभिभावक सिकाइका प्रमुख अगं हुन् । यिनीहरुको समन्वयमा बालबालिकाहरुको सिकाइ प्रभावकारि बन्न सक्छ । सिकाइका केन्द्रबिन्दु बालबालिका हुन् । यिनलाई विद्यालयमा सिक्ने वातावरण मिलाउने जिम्मेवारी शिक्षकको हुन्छ भने घरमा अभिभावकको ठूलो भूमिका रहने गर्दछ । अभिभावकले आ आफ्ना बालबालिकाहरुलाई विभिन्न किसिमका प्रेरणा र हौसला दिएर सिकाइमा उत्प्रेरित पार्न सक्दछ त्यसकारण हरेक बालबालिकाको सफलतामा सम्बन्धित अभिभावकको भूमिका उल्लेखनीय र महत्वपुर्ण रहने गर्दछ ।

## १.२ समस्याको कथन

मानव जीवनको सबैभन्दा महत्वपुर्ण पक्ष शिक्षा हो । शिक्षाले नै समाजलाई सफल र सभ्य बनाइरहेको हुन्छ । वर्तमान समयमा शिक्षा क्षेत्रमा प्रशस्तै विकास भएता पनि धेरै

समस्या र चुनौतिहरु देखापरेका छन् । बढ्दो जनआकांक्षा विज्ञान र प्रविधिको माध्यमबाट अन्वेषणात्मक रुपमा भएका आविष्कार र तिनको प्रयोगले समाजलाई असमान बनाएको छ । शिक्षाको गुणात्मक सुधारका लागि गर्नुपर्ने कामहरु धेरै छन् । वर्तमान र भविष्यमा आइपर्ने समस्याहरु र चुनौतिहरुको सामना गर्नसक्ने सक्षम नागरिकहरु तयार गर्ने दायित्व तथा कर्तव्य हरेक व्यक्ति,समाज र सिगों राष्ट्रको हो । हरेक व्यक्ति व्यक्ति मिलेर समाज बन्ने हुदाँ व्यक्तिमा आएको सकारात्मक परिवर्तनले नै सिंगो समाजमा नै परिवर्तन भई एक सभ्य, सुसगंठित र विकसित समाजको निर्माण हुन्छ शिक्षा प्राप्त गर्नु बालबालिकाको मौलिक अधिकार हो बालबालिकाको सिकाइ प्रक्रियालाई प्रभावकारी तुल्याउन विद्यालय र शिक्षकमात्र लागि परेर सफल सिकाई भएको पाइदैन । बालबालिकाको सिकाइलाई प्रभावकारि तुल्याउनमा अभिभावकको प्रमुख जिम्मेवारी रहेको पाइन्छ । बालबालिकाको सिकाइमा अपेक्षित उपलब्धी हासिल हुन नसकेमा शिक्षक तथा बालबाकिलाई दोष लगाउने परिपाटि रहेको छ । साथै बालबालिकाले अपेक्षित उपलब्धि प्राप्त गर्न नसक्दा शिक्षकहरुले अभिभावक तथा बालबालिकाहरुलाई दोष लगाउने प्रचलन रहेको छ । त्यसैगरि बालबालिकाहरु आफूले राम्रो नतिजा ल्याउन नसक्नुमा अभिभावक तथा शिक्षकशिक्षकाको दोष रहेको बताउँछन् । वास्तवमा एक सफल विद्यार्थी बनाउनमा शिक्षक अभिभावक तथा विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध गाँसिएको हुन्छ । राष्ट्रले शिक्षा क्षेत्रमा हरेक वर्ष थुप्रै बजेट विनियोजन गरेको छ विद्यालय शिक्षामा राष्ट्रले लगानि गरेअनुरुप उपलब्धी हासिल हुन सकिरहेको छैन । किन शिक्षा क्षेत्रमा राष्ट्रले ठूलो बजेट लगानि गरेअनुरुप उपलब्धी हासिल हुन सकिरहेका छैन किन शिक्षा क्षेत्रमा राष्ट्रले ठूलो बजेट लगानि गर्छ । तर वर्षेनी राष्ट्रको लगानि र अपेक्षा अनुरुप शिक्षाले सफलता पाउन सकिरहेको छैन । हाम्रा सरकारी स्तरबाट सञ्चालित विद्यालयहरु किन राष्ट्रलाई आवश्यक पर्ने सक्षम, दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने थलो बन्न सकिरहेका छैनन् । निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरुको तुलनामा सरकारी क्षेत्रबाट सञ्चालित विद्यालयहरुको विद्यार्थी उपलब्धि प्रतिशत कमि देखिन्छ किन यस्तो भइरहेको छ यो आम चासोको विषय भइरहेको छ ।

तनहुँ जिल्ला आँबुखैरेनी गाउँपालिकाको वडा नं १ मा यस क्षेत्रका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा आवश्यक पर्ने दक्ष सीपयुक्त र अनुशाषित जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएर वि.सं. २०२८ सालमा स्थापना भएको विद्यालय हो । श्री मित्रता माध्यमिक विद्यालय स्थापना देखि

नै यस विद्यालयले थुप्रै दक्ष जनशक्ति उत्पादन गरि राष्ट्रसेवामा लगाएको छ । तर यस विद्यालयमा हाल अध्ययन गर्ने आधा भन्दा बढी ले अपेक्षित उपलब्धि हासिल गर्न सकिरहेका छैनन् । यस विद्यालय पनि शैक्षिक बेरोजगार उत्पादन गर्ने थलो नबनोस् साथै विद्यार्थीले अपेक्षित  उपलब्धि हासिल गर्न नसक्नुका कारण के के रहेछन् विद्यार्थीका समस्याहरु के के रहेछन् ? विद्यार्थीका समस्या समाधान कसरि गर्न सकिन्छ ? विद्यार्थीहरुको घरको सामाजिक, आर्थिक र शैक्षिक परिवेशले के कस्तो असर पारिरहेको हुन्छ ? विद्यार्थीहरुले शिक्षामा अपेक्षित उपलब्धि प्राप्त हुन नसक्नुमा घरपरिवारको के कस्तो हात रहेको हुन्छ भन्ने कुरालाई प्रमुख विषयवस्तु बनाएर अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. बालबालिकाको सिकाइमा आमाबाबाको भूमिका के कस्तो छ ?

२. बालबालिकाको शिक्षामा सुधार कसरी ल्याउन सकिन्छ ?

३. बालबालिकालाई कसरी अनुशासित बनाउन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

१. बालबालिकाको सिकाइमा आमाबाबुले निर्वाह गरेको भूमिका पत्ता लगाउनु ।

२. बालबालिकाको परिवारको, सामाजिक, आर्थिक पक्षले शिक्षामा पार्ने असरबारे अध्ययन गर्नु ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिकाको वडा नं १ मा रहेको श्री मित्रता माध्यमिक विद्यालयमा सीमित रही बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भूमिकामा मात्र अध्ययन अनुसन्धान सीमित रहनेछ । यस अध्ययनले समग्र तनहुँ जिल्लाको सामुदायिक विद्यालयहरुको प्रतिनिधित्व गर्ने लक्ष्य राखेको छ ।

## १.५ अध्ययनको औचित्य

यो अध्ययन मानविकी संकाय समाजशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आशिंक आवश्यकता पुरा गर्नका लागि प्रस्तुत गर्न लागेको भएपनि आजको यो विज्ञान र

प्रविधिको युगमा यस अध्ययन क्षेत्रभित्र सञ्चालनरत यस विद्यालयको शैक्षिक गुणस्तर उकासी देशमा उपलब्ध साधन र स्रोतको सहि ढंगले परिचालन गरि समाज र देशको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान पुरयाउन सकोस भनि यो अध्ययन गरिएको छ । सामुदायिक विद्यालयहरुबाट गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदान गरि राष्ट्रलाई आवश्यक पर्ने महत्वपुर्ण सक्षम र सीपयुक्त जनशक्ति उत्पादन गर्न सकियोस् भन्ने लक्ष्य लिएर पनि यो अध्ययन अनुसन्धान गरिएको छ ।

विद्यालयहरुबाट गुणस्तरिय र व्यवहारिक शिक्षा प्रदान गरि राष्ट्रलाई आवश्यक पर्ने महत्वपपुर्ण सक्षम र सीप युक्त जनशक्ति उत्पादन गर्न सकियोस भन्ने लक्ष्य लिएर पनि यो अध्धयन अनुसन्धान गरिएको छ । उपयुक्त महत्वपुर्ण लक्ष्य हासिल गर्न शिक्षणसिकाइ कार्यमा संलग्न अन्य पक्षहरु र अभिभावक सबैको बराबर लगनशिलता, योगदान र अथक प्रयासबाट मात्रै यो संभव छ । विद्यालयको एकल प्रयासले मात्रै विद्यार्थीहरुले शैक्षिक उपलब्धी हासिल गर्न नसक्ने हुनाले विद्यार्थी स्वयं आफै र उनीहरुका अभिभावक पनि यसप्रति सचेत र सजग हुन जरुरी छ । समाज र देशको उन्नती र प्रगतिका लागि अति आवश्यक पर्ने शैक्षिक जनशक्ति अर्थात् समाज र देशलाई हाँक्ने राष्ट्रका कर्णधार विद्यार्थीहरुलाई सिकाई उपलब्धि हासिल गर्न सहयोग पुगोस भनि अनुसन्धान कर्ताद्धारा यो अनुसन्धान गरिएको छ ।

विद्यार्थीका आमाबाबुले आफ्ना बालबालिकाको पढाइका निम्ती कस्तो भूमिका खेलेका छन् । घरको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था कस्तो छ । घरमा पढ्ने वातावरण कस्तो छ घरमा पढ्ने वातावरण कस्तो छ घरपरिवार छरछिमेक नातानेता आफ्ना आफन्त आदि बालबालिकाको पढाईप्रति के कस्तो सचेत छन् विद्यालय, विद्यार्थी शिक्षक अभिभावक सबै पक्षहरु मिलेर विद्यार्थीका समस्या समाधानको उपाय निकाल्नु यस अध्ययनको औचित्य रहने गर्दछ । बालबालिकाहरुको शिक्षामा अपेक्षित उपलब्धि हातपार्न विद्यालयको साथसाथै घरमा पनि राम्रो उचित वातावरण तयार गरि उनीहरुको सिकाइ कार्यलाई सफल पार्न सकियोस् भनि यस विषयमा खोज अनुसन्धान गरि यसको निष्कर्ष निकाल्न जरुरि भएकाले यसको औचित्य वर्तमानमा सार्न्दभिक हुन्छ भन्ने ठम्याई अनुसन्धानकर्ताको रहेको छ ।

यो अध्ययन र यसबाट निस्केका निष्कर्ष शिक्षामा चासो राख्ने र समाजशास्त्र

अध्ययन अध्यापन गराउने सम्पुर्ण व्यक्तिका लागि सार्न्दभिक र उपयोगि हुनेछ । यो अध्ययन शैक्षिकस्तर बृद्धि गर्नमा परिवार समाज र विद्यालयको वातावरण कस्तो हुनपर्छ भन्ने कुराको जानकारी दिन सहयोगि हुनेछ । शिक्षाको महत्व बुझि यस विषयमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरुलाई मार्गदर्शन प्रदान गर्न उपयोगि हुनेछ ।

## १.६ अध्ययनका केहि पारिभाषिक शब्दहरु

एकल परिवार : बाबा, आमा र अविवाहित छोराछोरीहरु भएको परिवार

संयुक्त परिवार : हजुरबा, हजुरआमा, बाबा, आमा, काका, काकी, छोरछोरी, नाति नातिनी आदि भएको परिवार ।

साक्षर : आफ्नो नाम लेख्नुका साथै सामान्य पढ्न लेख्न सक्ने ।

शिक्षित : प्रवेशिका परिक्षा पास गरेका ।

उच्च शिक्षा : स्नातक तह वा सो भन्दा बढी अध्ययन गरेका ।

## १.७ अध्ययनको सगंठनात्मक ढाँचा

यस अध्ययनलाई ६ वटा अध्यायहरुमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा परिचय खण्ड रहेको छ । यसभित्र अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, अध्ययनको औचित्य, अध्ययनको पारिभाषिक शब्द र अध्ययनको संगठनात्मक ढाँचालाई समावेश गरिएको छ ।

अध्याय दुईमा पूर्वसाहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकालाई राखिएको छ । यसमा शैक्षिक समाजशास्त्र समाजशास्त्र र शिक्षा, परिवार र सामाजिकीकरण,बालबालिकाको विकास र सिकाइमा प्रभावपार्ने तत्वहरु पूर्वसाहित्यको समिक्षा र सिकाइका सिद्धान्तहरुलाई समावेश गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधीलाई राखिएको छ जस अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, अध्ययनको समग्रता र नमुना छनौट, तथ्यांकको स्रोत प्रकृति र तथ्याकं संकलन विधी समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय र घरको सामाजिक, आर्थिक, शैक्षिक

अवस्थाले विद्यार्थीको पढाइमा पारेको प्रभाव उल्लेख गरिएको छ । जस अन्तर्गत अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको शैक्षिक झलक, मित्रता माध्यमिक विद्यालयको परिचय अध्ययन गरिएका विद्यार्थीका लैगिक र जातिगत अवस्था परिवारको शैक्षिक र आर्थिक अवस्थाले विद्यार्थीको पढाइमा पारेको असर विद्यार्थीका आमाहरुको शैक्षिक स्तर, विद्यार्थीको घर र विद्यालयबिचको दुरी परिवारको प्रमुख पेशा, पौष्टिक आहारको आपूर्ति विरामी बालबालिकाहरुको स्वास्थ्यमा हेरविचार र विद्यार्थीको सिकाई उपलब्धिको स्थितिलाई राखिएको छ ।

अध्याय पाँचमा अभिभावकको भूमिकाले विद्यार्थीको पढाइमा पारेको असर मुख्य शिर्षक राखिएको छ । जस अन्तर्गत आफ्ना बालबालिकहरुको उमेर अवस्था इच्छा आकांक्षा र मनोविज्ञान बुझि उचित मार्गनिर्देशन गर्ने तौरतरिका शिक्षाको बारेमा अभिभावकको बुझाई अभिभावक र शिक्षक शिक्षिका बिचको सम्पर्क बालबालिकाहरु जन्मेर हुर्कने बढ्ने पढ्ने समयमा उनीहरुका अभिभावकहरुद्धारा पाएको संरक्षण र रेखदेखको अवस्था विद्यार्थीको पढाइमा उत्प्रेरणा जगाउने खालका क्रियाकलापहरु वैयत्तिक शीर्षकहरु समेटिएको छ ।

अन्त्यमा अध्याय छ अन्तर्गत अध्ययनको साराश, निष्कर्ष र सुझावहरुलाई समेटिएको छ ।

# अध्याय : दुई

# साहित्यको पुनरावलोकन

## २.१ पूर्व साहित्य समिक्षा

अनुसन्धानकर्ताद्वारा अनुसन्धान गर्नु भनेको नयाँ तथ्य पत्ता लगाउनु तथा सम्बन्धित विषयवस्तुको बारेमा थप ज्ञान प्राप्त गर्न विषयवस्तुको गहिराइसम्म पुगेर वास्तविक सत्य तथ्य पत्ता लगाउनु रहेको हुन्छ । सामाजिक अनुसन्धान सामाजिक गतिविधि मानव संस्कृति, इतिहास मानवका क्रियाकलाप तथा समाजमा यसको प्रभावका आधारमा अध्ययन अनुसन्धान गर्ने गरिन्छ । सामाजिक अनुसन्धानलाई सम्बन्धित विभिन्न शोधपत्र, विभिन्न पत्रपत्रिकाहरु, लेख, रचनाहरु आदिको अध्ययन गरि आफ्नो अनुसन्धान कार्यलाई पूरा गरिने छ ।

प्रत्येक शिशुको जन्मसँगै मानव जातिको सपना र आशाले नयाँ जन्म लिन्छ । बालबालिकाले हाम्रो साझा भविष्य बोकेका हुन्छन् । हाम्रो हातमा पहिले कहिल्यै नभएको जस्तो भविष्य यसर्थ सबै बालबालिकालाई सुखद् बाल्यकाल दिएर उनीहरुको जीवनको सहि र सकारात्मक शुरुवात गरिनुपर्दछ । बालबालिकालाई जीवनको राम्रो थालनी दिन विश्वमा पर्याप्त जानकारी, श्रोत तथा कानूनी व्यवस्थाहरु हुन थालेका छन् । प्रत्येक बालबालिकाले शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासको वातावरण पाउन वर्तमान र भविष्यको लागि आवश्यक ज्ञान, सीप र दक्षता हासिल गर्न अनि भविष्यमा एक योग्य तथा सक्षम वयस्क बन्न अहिले नै अर्थात् बालककालमा नै पारिवारिक वातावरणमा राम्रो माया, स्याहारसुसार तथा सहभागिताका अवसरहरु प्राप्त गर्नुपर्दछ । यो नै बालअधिकारको सर्वव्यापि मान्यता हो तर हाम्रा गाउँघर, टोलछिमेक तथा जिल्लाहरुमा अझैपनि ठुलो संख्यामा बालबालिकाको आधारभूत अधिकारको उपभोग गर्नबाट वञ्चित भइरहेका छन् । यसको लागि नीतिगत, कानूनी र संरचनागत प्रणालिको विकास हुन सकिराखेको छैन,जुन बालअधिकार प्रत्याभुतिको लागि महत्वपूर्ण हुन्छ । संयुक्त राष्ट्रसंघले सन् १९९८ को नोभेम्बरमा २० तारिखमा बालअधिकार सम्बन्धि महासन्धि पारित गर्दा अन्तराष्ट्रिय स्तरमा यी कुराहरु स्वीकार गरिएको थियो (अधिकारी, २००८) ।

आमाबाबुको भुमिका सन्तानलाई जन्म दिनु मात्र होइन, तिनको व्यक्तित्व विकासमा

पनि सर्वोपरि हुन्छ । उनीहरुको सोचाइ, दृष्टिकोण र व्यवहारले केटाकेटिको मनमष्तिस्कमा अवचेतन तहसम्मै गहिरो छाप छोड्छ र समग्र जीवनलाई प्रभावित पार्दछ । शिक्षाण सिकाइ प्रक्रिया बालबालिकाको व्यत्तित्व विकासकै एउटा पाटो हो र त्यसमा पनि आमाबाबुको भुमिका र प्रभाव सर्वाधिक शत्तिशाली हुन्छ । तिनले उनीहरुबाट अनौपचारिक तवरमा पाउने शिक्षा स्कूल कलेजमा दिइने औपचारिक शिक्षाभन्दा कता हो कता गहिरो हुन्छ । समाज र समुदाय जीवन र जगत् नैतिकता र मूल्य मान्यता अनि आचरण र व्यवहार सम्बन्धि यावत् धारणा, मान्यता तथा संस्कार बालबालिकाका आमाबाबु मार्फत् शिशुअवस्थादेखि नै स्थापित भइरहेको हुन्छ । र त्यसै अनुरुप तिनको व्यत्तित्व निर्माण हुँदै जान्छ । यो बुझेरै हाम्रा पूर्वजहरुले भनेका हुन् :

उपाध्यायन दशाचार्य आचार्याणा शतं पिता ।

सहस्रं तु पितृन् माता गौरवेणतिरिच्यते ॥

अर्थात् दशजना उपाध्याय भन्दा बढी एक जना आचार्य, सयजना आचार्य भन्दा बढी एउटा बाबु र हजार बाबुभन्दा बढी एउटी आमा बालविकासका निम्ती महत्वपूर्ण हुन्छिन् (वस्ती, २०७१) ।

बालबालिकाको शारीरिक,मानसिक एवं संवेगात्मक विकासमा खेलकुद तथा विविध अतिरित्त क्रियाकलापको भुमिका महत्वपूर्ण हुन्छ । यसले शारीरिक तथा मानसिक अभ्यासको अवसर प्रदान गर्दछ र त्यो अभ्यासले मानिसलाई बलियो बनाउँदछ । बालबालिकाको पढ्ने लेख्ने बानीको विकास गर्न अतिरित्त क्रियाकलापहरुको आयोजना गरि उनीहरुको विविध विषयमा प्रतिष्पर्धा गर्न लगाई बौद्धिक विकास गर्न सकिन्छ । बालबालिकाको राम्रो कामलाई प्रशंसा तथा हौसला प्रदान गर्नू भने बिर्सनु हुदैन किनकी प्रशंसाले नै व्यत्तिलाई सफल बनाउँदछ (ओझा, २०६३) ।

अठारौं शताब्दिका महान् दार्शनिक रुसोका अनुसार बालक प्रकृतिका उत्तम वरदान र सिर्जना हुन् । प्रकृतिसँगको सामिप्यताले नै बालकको विकास हुन्छ बालकमा नीतिनियम, संस्कार र आर्दश लाद्नु हुँदैन त्यसले विकासमा अवरोध गर्दछ उनको प्रसिद्ध पुस्तक इमाइलमा उनले उल्लेख गरेका छन् प्रकृति अन्तिम र शास्वत सत्य हो प्रकृतिको अस्तित्व श्रेष्ठ हुन्छ । ज्ञान इन्द्रियहरुबाट प्राप्त हुन्छ । बालकको स्वतन्त्रतामा उसका प्रकृतिलाई जोड

दिनुपर्दछ । उसमा कृतिमता थपेर उसको प्राकृतिक विकासलाई अवरुद्ध पार्नु हुदैन । शिक्षा मुख्य रुपमा विद्यार्थी केन्द्रित हुनुपर्दछ पाठ्यक्रम निर्माणमा पनि बालबालिकालाई आधार बनाउनुपर्दछ । सामाजिक र मनोवैज्ञानिक वातावरणमा बालकका आवश्यकताहरुको पूर्ति शिक्षाले गर्नुपर्ने कुरामा जोड दिदैं उनी भन्छन् मनोवैज्ञानिक दृष्टिले विद्यालय एक घर समान हुन्छ जहाँ शिक्षकले घरकै जस्तो वातावरमा बालबालिकाहरुको अवश्यकताको पूर्ति गर्नूपर्दछ । बालक अपरिपक्व र अविकसित प्राणि हो उसलाई परिवार र अनुभवि युवकहरुले समाजका सामाजिक लक्ष्य मूल्य मान्यतामा अघि बढ्न सहयोग गरिरहनु पर्दछ (झा, २०६४) ।

बालबालिकाको रुचि,आवश्यकता,क्षमता तथा सीमितता अनुसारका निर्णय लिन सघाउनाले भविष्यमा पछुताउनु पर्दैन गीत, सङ्गित, नृत्य चित्रकला, साहित्य, अभिनय, वाचन मूर्तिकला लेखन खेलकुद जस्ता विविध पक्षहरुमा प्राकृतिक तथा स्वभाविक विकासका निम्ति बालबालिकालाई अवसर प्रदान गर्नुपर्दछ । यसो गर्नको लागि पथप्रर्दशन तथा परामर्श अधिकाधिक महत्वपूर्ण हुन्छ । उसलाई बढी नै रुची भएको क्षेत्रमा सफलता हासिल गर्न भरपुर सहयोग गर्नुपर्दछ न कि कुनै प्रकारका बाधा अड्चन वा आफ्ना लुकेर रहेका इच्छा आकांक्षा जुनमा उसको अधिक प्रेम तथा लगाव छ, त्यसलाई प्रोत्साहन र प्रशंसा गर्दै अघि बढ्ने प्रेरण दिएमा एउटा बालक विश्वविख्यात बन्ने संभावना रहन्छ । बालबालिकालाई विविध रचानात्मक कार्यमा सरिक गराउनुपर्दछ । सामाजिक, सांस्कृतिक, धार्मिक नैतिक रुचिहरुमा उपयुर्त्त प्रोत्साहन गर्नुपर्दछ । एउटा बालकलाई पूर्ण मानव बनाउन यी पक्षहरुको विकास पनि अपरिहार्य छ । बालकलाई खालि दिमाग लिएर आएको मात्र नसम्झि केहि न केहि विशिष्ट खुबि तथा विशेषता लिएर आएको छ भन्ने कुराको विश्वास गर्नुपर्दछ । बालबालिकाको सकारात्मक भावनाको विकास गर्ने,उनीहरुको सरसल्लाह, सुझाव एवं विचारलाई पनि सकारात्मक रुपमा लिने तथा तिनलाई मान्यता दिनुको साथै सम्मान पनि गर्नुपर्दछ (प्रधान, २०६४) ।

एउटा पूर्ण बालकले जन्म लिइसकेपछि उसको मष्तिष्क विकासमा सुनौला हजार दिनको ठुलो प्रभाव पार्दछ, बालबालिकाको वृद्धि र विकासमा घर अर्थात् पूर्णतया परिवारको काखमा हुने गर्दछ बालकले आफ्नो परिवारबाट जे जस्तो सहयोग, माया ममता पाउँछ त्यसैअनुसार उसको व्यत्तित्व विकास हुदैं जान्छ । घरपरिवारमा बालक सबैभन्दा निकट

आमासँग रहेको हुन्छ तसर्थ आमालाई पहिलो विद्यालयको पहिलो शिक्षिका अर्थात् प्रध्यानध्यापक नै भन्दा पनि फरक पर्दैन परिवारमा आमा बाहेक बाबा, हजुरबाबा, हजुरआमा, फुपु, काका काकिको केहि सम्बन्ध नै रहन्न भन्न खोजिएको होइन कि परिवारमा बालकको सम्पूर्ण इच्छा र आवश्यकता पूरा गर्न आमा सबैभन्दा सजग र सहयोगि हुन्छिन् । आमाले नै बालकको अर्न्तमनका कुरालाई पनि बुझ्न सक्छिन् बोलि फुटाउने गुरुआमा, ताते ताते भनि हिड्न सिकाउने गुरुआमा, खाना खान सिकाउने गुरुआमा बालकको भ्रुण अवस्थादेखि किशोरावस्थासम्म निकट रहेकि हुन्छिन् साथै आफ्ना सन्तानको भविष्यको रेखाकोर्ने पहिलो जिम्मा आमालाई नै हुन्छ (पराजुली, २०७३) ।

अलबर्ट आइन्सटाइन लगायत शेक्सपियर, मोजार्ट, माइकल फाराडे र पिकासो जस्ता थुप्रै महान् प्रतिभाहरुको जीवनमाथि गहन अध्ययन र १० वर्षसम्मको अनुसन्धानपछि ब्रिटेनको एक्सटर युनिभर्सिटिका प्रो. माइकल होवे तथा सहयोगिहरुको निष्कर्ष थियो प्रतिभा र योग्यता भनेको जन्मैदेखि लिएर आउने खुबि होइनन् विलक्षण मेधा र तिक्ष्ण बुद्धि भनेका प्रकृतिका उपहार वा देविदेवताका कोसेलि पनि होइनन् । त्यसैले योग्यता, दक्षता, सक्षमता भनेको गड गिफ्ट या जन्मसिद्ध कुरा होइनन् । विशिष्ट योग्यता भनेको उचित अवसर राम्रो प्रशिक्षण प्रोत्साहन र उत्प्रेरणा कठोर मिहेनत अनि दृढ विश्वासको योगफल हो यो सबैभन्दा बेसि त निरन्तर अभ्यासको प्रतिफल हो । आनुवशिंकताको पनि केहि प्रभाव हुन्छ । यसमा स्वास्थ्य, सुन्दर र सहि वातावरण वैज्ञानिक ढङ्गको स्कुले शिक्षा र लोकतान्त्रिक परिवारको अति धेरै योगदान रहन्छ (होवे, १९९८) ।

सानै उमेरदेखि मैले आमा र बाबुको स्नेह प्रेम र वात्सल्य प्रयाप्त पाएको थिएँ । मेरो संस्कार र सोचको जग निर्माण गर्नमा मेरा बाबा आमाले ठुलो भुमिका निर्वाह गर्नु भएको छ । हुन त म १८ वर्षको हुदाँ मेरो बुबाको देहावसान भएको थियो, तथापि त्यति छोटो समयमा पनि मेरो मनमस्तिष्कमा सकारात्मक सोचको बीउ रोपिदिइसक्नु भएको रहेछ,उहाँले नै सिकाउनु भएको थियो । "मध्यरात पश्चात् सूर्य उदाउँछ" भनेर कुनै मानिसले आलोचना गर्‍यो भने उहाँ भन्नुहुन्थ्यो, "राम बन्नका निम्ती रावणको आवश्यकता पर्छ, बुद्ध बन्नका लागि देवदत्त" दु:ख नभइकन सुख आउँदैन, समस्या नआइकन उपलब्धि हासिल हुदैंन भन्ने वास्तविक तथ्य कुरा मैले उहाँसँग सिकें ।

समयमा हिरा पनि फोर्न जान्नुपर्छ, कमाउन सजिलो छ तर बुद्धिमानिपूर्ण तरिकाले

पैसा खर्च गर्न गाह्रो हुन्छ भन्ने महान् शिक्षा मैले बुवासित सिकें र समयको उचित व्यवस्थापनबाट मानिसले थुप्रै काम गर्न सक्छ भन्ने कुरा मैले उहाँबाट नै जानें । बुवाको आचरण र व्यवहारले मेरो मनमष्तिषकमा ठुलो छाप छाडेको छ । उहाँका अगाडि आफ्ना समस्या लिएर आउने जो कोहिलाई पनि उहाँ उत्साह र उमङ्ग जगाएर पठाउनु हुन्थ्यो । बुवाको सबैभन्दा ठूलो खुबि यहि थियो । मेरो जिन्दगिमा बुवाको भन्दा आमाको प्रभाव धेरै छ । उहाँले मलाई सिकाउनु भएको ठूलो पाठ हो, “अरुसित लिनुभन्दा अरुलाई दिनु रमाइलो हुन्छ ।” साँच्चै लिँदा मन कति गह्रौं हुन्छ तर दिदाँ कति हल्का (शाक्य, २०६१) ।

बालबालिका जन्मेपछि उनीहरु रहेको वातावरणमा उनीहरुको विकासमा सकारात्मक तथा नकारात्मक प्रभाव पार्ने तत्वहरु विद्यमान हुन्छन् । बालविकासमा प्रभाव पार्ने वातावरणीय तत्वहरुमा आमाबाबु र परिवारको भुमिका महत्वपूर्ण हुन्छ । आमाबाबु र परिवारको आर्थिक र सामाजिक स्थिति, पौष्टिक आहार, हेरचाहको स्वरुप, आमाबाबुको शिक्षा, कार्यबोझ सुरक्षाको अनुभूति इत्यादिले बालविकासमा प्रत्यक्ष रुपले प्रभाव पारेको हुन्छ त्यसैगरि विद्यालय, समुदाय र साथीहरुको प्रभाव पनि महत्वपूर्ण हुन्छ ।

व्यक्तिले ज्ञान, सीप र धारणाहरु प्राप्त गर्ने कार्य पनि जन्म देखि नै प्रारम्भ हुन्छ । नयाँ ज्ञान, सीप र धारणाहरु प्राप्त हुँदै जाने प्रक्रिया मानिसको मृत्यु नहुञ्जेलसम्म चलिरहन्छ । नयाँ ज्ञान सीप र धारणाहरु प्राप्त हुदैं जादा व्यक्तिका व्यवहारमा पनि परिवर्तनहरु अनुभव र तालिमबाट प्राप्त हुन्छन् । तिनलाई सिकाइका रुपमा लिइन्छ (वाग्ले र पौडेल, २०१०) ।

एउटा बालकले परिवारमा जन्म लिन्छ र उसले वातावरणसँग समायाजन गर्दै अनुकूल वातावरणमा हुर्कन्छ । उसले सर्वप्रथम घरपरिवारबाट विविध व्यवहारहरु सिक्दछ र आफ्नो बानीको निर्माण गर्दछ । साथै विस्तारै उ छरछिमेक, साथीसंगत, विद्यालय हुँदै फराकिलो वातावरणमा सामाजिकीकरण हुँदै अघि बढ्दछ । यसरी माथि अध्ययन गरिएका विभिन्न कृति तथा पुस्तकहरुमा आधारित रहि बालबालिकाको शैक्षिक प्रकृयामा परिवारको प्रमुख भूमिका रहेको प्रष्ट हुन्छ ।

अनुसन्धान कर्ताद्वारा अनुसन्धान गर्दा नयाँ तथ्य ज्ञान र सिद्धान्तको खोजि गर्नुपर्नेभएकाले आफुले छनौट गरेको क्षेत्र र समस्यामा रहेर पहिले कसैले अध्ययन गरेको क्षेत्र र समस्यामा रहेर पनि अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनः अध्ययन गर्न जरुरि

हुन्छ तसर्थ अध्ययनकर्ताबाट यस अध्ययनलाई सफल पार्न र वास्तविक रुपमै सत्य तथ्य पत्ता लगाउन यस विषयसँग सम्बन्धित विभिन्न शोधपत्रका नमुनाहरु, विभिन्न शैक्षिकसंस्थाहरु र व्यक्तिहरुले विभिन्न समयमा प्रकाशन गरेका शैक्षिक सामग्रीहरु समय समयमा पत्रपत्रिकामा प्रकशन भएका लेख रचनाहरु आदिको अध्ययन गरि तिनीहरुको सहि ढगंले विश्लेषण गरि आफ्नो अनुसन्धानकार्यलाई सम्पन्न गरिएको छ ।

शिक्षासँग परिवारको राजनितिक पक्ष,सामाजिक पक्ष ,सास्कृतिक पक्ष,आर्थिक पक्ष धार्मिक पक्ष र मनोवैज्ञानिक पक्षले अन्तर प्रभाव पार्ने हुँदा उपरोत्त पक्ष छात्रा को शिक्षा प्रति सकारात्मक रहेमा छात्रहरुको उच्च शिक्षामा सकारात्मक उन्नति,क्षमता विकास र रोजगारि पहुँचमा सबलता आउने स्थिति देखिएको छ । उपरोत्त पक्ष छात्रा शिक्षाप्रति नकारात्मक रहेमा छात्राहरुको उच्च शिक्षामा नकरात्मक प्रभाव क्षमता विकास र रोजगारि पहुँचमा समेत शिथिलता आउने नतिजा देखाएको देखिन्छ । किहुँ क्षेत्रका मगर छात्राहरुको उच्च शिक्षामा पहुँच नहुनुमा शोधकर्ताहरुले छात्राहरुको आमाहरु पनि शैक्षिक स्थितिमा कमजोर भएकाले मातृभाषामा शिक्षाको अवसर नभएकाले र घरबाट विद्यालयको दुरि टाढा भएकाले चाँडै विवाह गर्ने सामाजिक प्रचलनले मगर छात्राहरुको शैक्षिक स्थितिमा नकरात्मक प्रभाव पार्दछ (अधिकारी, २००८) ।

नेपाल एक विकासशील मुलुक हो गरीबीका कारणले शिक्षा सबैको पहुँचमा र सर्वसुलभ बन्न सकेको छैन । विगतका वर्षहरुमा सरकारि स्तरबाट विद्यालयमा भर्ना शुल्क, मासिक शुल्क र अतिरिक्त शुल्क लिइँदै आएको देखिन्छ । यी शुल्कहरु विद्यालयमा गई समयमा नै तिर्न नसकेका कारणले गर्दा दलित अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराएका छैनन् यसका अतिरित्त अधिकांश विपन्न परिवारका अभिभावकहरुले विद्यालयका लागि चाहिने पाठ्यपुस्तक कापि कलम शैक्षिक सामाग्री, विद्यालय पोशाक जस्ता अत्यावश्यक कतिपय कुराहरु आफना बालबालिकालाई समयमा पुरयाउन नसक्ने हुदाँ पनि बालबालिकाको पढाइमा सन्तोषजनक प्रगति गर्न सकेको देखिदैँन (सिंह, २०५७) ।

## २.२ अवधारणात्मक पृष्ठभूमि

### शैक्षिक समाजशास्त्र

शिक्षा र समाजको अध्ययन गर्ने शास्त्रलाई शैक्षिक समाजशास्त्र भनिन्छ समाजका शैक्षिक

संस्थाहरुको सम्बन्ध केलाउने अध्ययन गर्ने शास्त्रलाई शैक्षिक समाजशास्त्र भनिन्छ । शैक्षिक समजशास्त्रका जन्मदाता जर्ज प्याने हुन् । जोनडिवे, ओटावे, म्याक्स वेवर, हिल्डाटावा, ब्राउन, कार्लम्यानहिम जस्ता विद्वानहरुले शैक्षिक समाजशास्त्रको क्षेत्रमा ठूलो योगदान दिएका छन् । सामाजिक सम्बन्ध, सामाजिक अन्तरक्रिया, सामाजिक नियन्त्रण र सामाजिक शक्तिहरु बिचको सम्बन्ध आदिलाई शैक्षिक समाजशास्त्रको क्षेत्र भनिन्छ । शैक्षिक समाजशास्त्रको मुख्य क्षेत्र सामाजिक अन्तरक्रिया अन्तर्गत पर्दछन् ।

### २.२.१ समाजशास्त्र र शिक्षा

सामाजिक सम्बन्ध अन्तरक्रिया, प्रक्रिया र परिवर्तनका बारेमा  अध्ययन गर्ने विषयसमाजशास्त्र हो । यसले समाजको समग्र विषयको अध्ययन गर्दछ । के कसरी मानव समुहहरु संरचित भएका छन ? के कसरि सञ्चालन भएका छन् ? तिनीहरुका क्रियाकलाप संचार अन्तरनिर्भरता व्यवहार आदि के कसरी सञ्चालन भएका छन् ? भन्ने अध्ययन गर्ने विषय समाजशास्त्र हो । शिक्षालाई समाजशास्त्रको एउटा हाँगाको रुपमा लिन सकिन्छ । शिक्षाले मानिसको चेतनाको विकास गराउँछ । जुनसुकै व्यक्ति समाज र राष्ट्रकोलागि शिक्षाको आवश्यकता पर्दछ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरुलाई शिक्षासँग गाँसेर अध्ययन गर्दछ । शिक्षाले सामाजिक, आर्थिक र सास्कृतिक परिवर्तनमा महत्वपुर्ण भूमिका खेलेको पाइन्छ । समाजमा आफ्नो इज्जत, प्रतिष्ठा कायम राख्न शिक्षाको महत्वपुर्ण भूमिका रहन्छ । शिक्षाले सामाजिक स्तरिकरणमा प्रभाव पार्दछ । मानव सभ्यताको विकासलाई अध्ययन गर्दा आजको सभ्य समाजको निर्माण गर्नमा पनि शिक्षाको महत्वपुर्ण भूमिका रहेको छ त्यसैले समाजशास्त्र र शिक्षा एकआपसमा अन्तरसम्बन्धित छन् ।

शिक्षा भनेको हरेक व्यक्तिमा अन्तनिहित शक्तिलाई तालिम दिनु, अगुवा गर्नु अगाडी बढाउनु, बाहिर ल्याउनु वाविकसित गर्नु भन्ने हुन्छ । अर्को शब्दमा शिक्षा भनेको व्यक्तिमा अन्तर्निहित शक्तिलाई पुर्णरुपमा विकसित गर्नु भन्ने बुझिन्छ । शिक्षा (Education) शब्द ल्याटिन भाषाको Educare बाट ल्याइएको हो यसको अर्थ अगाडी बढ्नु हो । To bring up to rise or to eduction जसको अर्थ To lead out or to draw out हुन्छ । अर्थात् बालकको भित्रि शक्तिको विकास गरि सक्षम बनाउनु भन्ने हुन्छ । व्यक्तिमा रहेको हरेक किसिमको प्रतिभालाई प्रस्पुटन गर्नुलाई नै शिक्षा भनिन्छ ।

### २.२.२ परिवार र सामाजिकीकरण

प्रत्येक व्यक्ति परिवारमा जन्मन्छ, हुर्कन्छ र उसले परिवारबाट नै धेरै कुराहरु थाहा पाउँछ । व्यक्तिको सामाजिकीकरणको लागि सबैभन्दा महत्वपुर्ण भुमिका खेल्ने संस्था नै परिवार हो परिवारबाट नै बालकको वंशज र वातावरणको अवस्था अनुसार उसका आनिबानी तथा क्रियाकलापहरु निर्धारण हुने गर्दछ । जब बालकले यस संसारमा जन्म लिन्छ उसले त्यसबेला आफ्ना वंशजहरुको गुणलाई बोकेर आएको हुन्छ र उसका वंशजको गुणले विभिन्न क्षमताहरु, शक्तिहरु र मनेवैज्ञानिक प्रवृतिहरु वंशानुक्रम बाट लिएर आएको हुन्छ । यस प्रकारका विभिन्न गुणहरु, क्षमताहरु शक्तिहरु र प्रवृत्तिहरुको विकासका लागि वातावरण र वंशज दुवैको भुमिका रहन्छ ।

परिवारबाट नै बालकले जन्म लिन्छ र परिवारमा अनुकुलित हुदैं जान्छ । परिवार जस्तो स्थायि र भरपर्दो संस्था बालकको लागि अरु केहि हुदैंन सानो बालक परिवारको प्रत्यक्ष रेखदेखमा हुर्कन्छ, बढ्छ पढ्छ र वयस्क बनेपछि विवाहमा बाँधिन्छन् र फेरि बालकको जन्म दिन्छन् पुस्तौं पुस्ता यहि रीत चलिरहेको छ र चलिरहन्छ । बालकको जन्म पालनपोषण शिक्षा दिक्षा तथा बालकदेखि प्रौढावस्थासम्म रेखदेख गर्ने काम परिवारले नै गर्दछ । सानोमा बालकको रेखदेख बाबाआमाले गर्दछन् भने वृद्धअवस्थाका आमाबाबाको रेखदेख वयस्क अवस्थाका छोराछोरिले गर्दछन् । आमाबाबाबाट छोराछोरिले रेखदेख स्याहार सुसार बाल्यवस्थामा पाउँछन् भने छोराछोरिबाट रेखदेख उचित हेरविचार वृद्धावस्थाका आमाबाबालाई हुने गर्दछ । परिवार यस्ता व्यक्तिहरुको समुह हो जो रक्त समुहको आधारमा एक अर्को सँग सम्बन्धित हुन्छन् तथा एकआपसमा नातेदार हुन्छन् ।

समाजमा सबैभन्दा पहिलो र बलियो संस्था नै परिवार हो परिवारबाट नै प्रत्येक व्यक्ति तथा समाजको निर्माण हुँदै जान्छ र प्रगति हुँदै जान्छ । परिवारको मेलमिलाप, समझदारि तथा धैर्यताले नै सभ्य समाजको निर्माण हुन्छ सभ्य समाजको निर्माणमा प्रत्येक व्यक्ति तथा प्रत्येक परिवारको महत्वपुर्ण भुमिका रहन्छ त्यसमा पनि परिवारको भुमिकाले व्यक्ति प्रत्यक्षरुपमा प्रभावित भइरहेको हुन्छ ।

**पारिवारिक सम्बन्धहरु**

बालबालिकाहरुको शैक्षिक विकासको प्रमुख आधार पारिवारिक सम्बन्ध हो अर्थात्

पारिवारिक सम्बन्ध जस्तो छ ।त्यसै आधारमा उनीहरुको व्यक्तित्व विकास हुने गर्दछ । बालबालिकाहरुले पारिवारिक सम्बन्धहरुबाट जस्तो सिकेको छ बुझेको छ सोहि आधारमा आफ्नो व्यवहारहरु देखाउने र त्यसैअनुसार समायोजन हुने गर्दछन् घरपरिवार वा पारिवारिक सम्बन्धहरुबाट यस अवस्थामा जस्तो छाप पर्दछ उनीहरुको जीवनभरी त्यहिअनुसार व्यवहार कायम रहन्छ । बालबालिकाले आफूलाई परिवारको स्थायी सदस्य ठान्दछन् र परिवारमा बस्दा आफूलाई सुरक्षित ठान्दछन् र घर परिवारका सदस्यहरुको सहायता, स्नेह र व्यवहारबाट केटाकेटिहरुले विभिन्न सीपहरु सिक्ने गर्दछन् बालबालिकाहरु आमाबाबुसँगको घनिष्ट सम्बन्धबाट ज्यादै खुशि हुने गर्दछन् हाम्रो सामाजिक संरचना र सामाजिक मान्यता अनुसार परिवार आफ्ना आफन्त इष्टमित्र आदिसँग रमाउने गर्दछन् । साथै बालबालिकाहरु परिवार पछि दोस्रो रमाउने घर हो मामाघर उनीहरु मामाघरसँग निकटतम सम्बन्ध राख्न रुचाउँछन् । सबै केटाकेटिहरुको घरपरिवार एकै किसिमको हुदैँन जस्तो किसिमको परिवार छ त्यस्तै किसिमको पारिवारिक सम्बन्धहरु उनीहरुले राख्ने गर्दछन् उदाहणका लागि बाबु नभएको परिवार छ भने हजुरबा वा आमा वा दाजुले भनेको मान्ने आमा नभएको परिवार छ भने हजुरआमा वा दिदीले भनेको मान्ने हुन सक्दछ । त्यसैले परिवारको बनोट आकार र अभिभावकको व्यवहारमा पनि बालबालिकाहरुको सम्बन्ध निर्भर हुने गर्दछ ।

**बालविकासमा प्रभाव पार्ने तत्वहरु**

सामान्य अर्थमा भन्दा बालकको शारीरिक, मानसिक संवेगात्मक, शैक्षिक लगायत सबै प्रकारका विकासलाई बालविकास भनिन्छ यसप्रकार कुनैपनि प्रकारका विकसमा प्रभाव पार्ने तत्वहरुलाई बालविकासमा प्रभाव पार्ने तत्वहरु भनिएको हो । बालविकासमा प्रभाव पार्ने तत्वहरु भन्नासाथ सकारात्मक,नकारात्मक बुझ्नुपर्दछ । बालविकासका विभिन्न चरणहरु हुन्छन् र यी सबै चरणहरुमा बालकका विभिन्न किसिमका क्रियाकलापहरु व्यवहारहरु हुने गर्दछन् (शर्मा एण्ड शर्मा, २०७३) ।

**परिवारको शिक्षा**

घरपरिवारका आमाबाबु पढेलेखेका हुनुलाई आमाबाबुको शिक्षा भनिएको हो । शिक्षा विकासको आधार चेतना अभिबृद्धिको कारक सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक विकासको आधार भएकाले आमाबाबुको शिक्षालाई पनि बालविकासको आधार मानिएको हो । पढेलेखेका शिक्षित आमा बाबु भए भने बालबालिका शिक्षित हुने मौका पाउँछन्

शिक्षाले बालबालिकाहरुमा आचरण, व्यवहार, सद्भाव, सहयोग आदिको विकास गराउँदछ । सामाजिक सु-सम्बन्ध पारिवारिक मिलनका साथै आफ्ना आफन्त तथा छरछिमेकीहरुसँग कसरि व्यवहार गर्नुपर्छ भन्ने कुरा सिकाउँछ ।

विश्वका विभिन्न मुलुकहरुमा भएका अध्ययन अनुसन्धानबाट पुष्टि भएको छ कि पढेलेखेका आमाबाबुका सन्तान पढेलेखेका नै हुन्छन् । शिक्षित परिवारको आर्थिक, सामाजिक शैक्षिक सबै प्रकारको स्थिति अशिक्षित परिवारका तुलनामा राम्रो हुन्छ किनभने शिक्षित मानिसले आयआर्जनको एउटा सहि बाटो रोजेर आफ्नो मष्तिष्क र श्रमलाई सहि किसिमले परिचालन गर्दछ । शिक्षित परिवारले खाने, लाउने खेल्ने पढ्ने समाजसँग घुलमिल हुने वातावरण बालबालिकाको लागि अनुकुलित बनाउदछन् ।

समष्टिमा भन्नुपर्दा शिक्षा जीवनको मूल आधार हो । समाज विकासको पूर्वाधार हो शिक्षा घरपरिवार र समाज विकासको आवश्यक आधार हो । शिक्षा घरपरिवार र समाज विकासको आवश्यक आधार हो शिक्षा बालबालिकालाई ज्ञान र सीप प्रदान गर्ने माध्यम हो । शिक्षा सामाजिक रीतिरिवाज धर्म संस्कृति, परम्परा संस्कार तथा मूल्य मान्यताको स्थापना गर्ने  सार्थक विकासको अनिवार्य पक्ष पनि हो । अतः शिक्षित परिवारले यी सबै कुराहरु आफ्ना बालबालिकाहरुलाई सिकाउन सक्ने हुदाँ आमाबाबाको शिक्षालाई बालविकासको प्रमुख आधार मानिएको हो ।

**परिवारको सामाजिक आर्थिक अवस्था**

परिवारको आर्थिक उपार्जन र आर्थिक परिचालन प्रक्रियाले त्यस परिवारको आर्थिक स्तरको निर्धारण गर्दछ परिवारमा संकलन हुने अर्थ र त्यस अर्थको सदुपयोगले त्यस परिवारको आर्थिक स्तरको निर्धारण गर्दछ । परिवारको खेति, नोकरी वा अन्य कुनैपनि व्यवसाय बाट हुने आर्थिक उपलब्धि र त्यस अर्थको सहि परिचालनलाई लिन सकिन्छ । यस्तो आर्थिक सामाजिक व्यवस्थापनले बालबालिकाको मानसिक शारीरिक विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । सामाजिक परम्परा, संस्कृति मान्यता संस्कार आदिले परिवारको सामाजिक परम्परा, संस्कृति, मान्यता संस्कार आदिमा प्रत्यक्ष प्रभाव पार्दछ । परिवारको सामाजिक आर्थिक अवस्थाको बालबालिकाको शिक्षा स्वास्थ्य मा प्रत्यक्ष रुपमा असर पारेको देख्न सकिन्छ । सामन्य रुपमा आर्थिक अवस्था कमजोर भएको परिवारको बालबालिकाको भन्दा आर्थिक अवस्था मजबुत भएको परिवारको बालबालिकाको शिक्षामा अग्रस्थानरहेको पाइन्छ ।

घरको तथा परिवारको आर्थिक अवस्थाले बालबालिकाको सिकाइ वातावरणलाई सहज बनाउँदछ साथै बालबालिकाको नियमित आवश्यकताको परिपूर्ति र अतिरित्त कक्षाको व्यवस्थापन गर्न सहयोग पुरयाउँछ ।

**सैद्धान्तिक समिक्षा**

समाजशास्त्रिय अध्ययन बढि व्यवहारिक यथार्थपरक र प्रक्रियासंगत किसिमले गर्नुपर्ने हुन्छ । यस अध्ययन प्रकार्यात्मक सैद्धान्तिक ढाँचा अनुसार गरिएको छ यस अध्ययन वैज्ञानिक तरिकाबाट कार्यक्षेत्रमै गएर विषयवस्तुको कार्यकरण सम्बन्ध बुझि सत्य तथ्य पत्ता लगाउने प्रयत्न गरिएको छ ।

सामाजिकीकरण समाजमा बाँच्न र कार्य गर्नका निम्ति एक प्रक्रिया हो जसमा उसले अन्तरक्रिया गरेर आफुलाई संक्रिय र जिवीत राख्छ । मानिस एक्लो रहनलाई सामाजमा आएको होइन । मानिसलाई आत्मियता र सहाकार्यताको आवश्यकता रहन्छ । मनोविज्ञानमा पनि के विश्वास गरिन्छ भने मानिसको व्यवहार प्रकृतिको उत्पादन हो र साथै वरिपरिको वातावरणले मानिसको व्यवहारलाई समेत प्रभाव पार्दछ (Rao, 2001)।

अर्का समाजशास्त्री जर्ज हरवर्ड मिडका अनुसार मानिसको व्यवहारका लागि सामाजिक शक्ति वा तत्वहरुको प्रमुख भूमिका हुन्छ । उनका अनुसार प्रत्येक व्यक्ति धेरै जसो आफ्नो सामाजिक अन्तरक्रियाहरुद्वारा आफूप्रति सजग हुन्छ । त्यस अर्थमा व्यक्तिले आफ्नो भूमिका निर्वाहको क्रियाबाट आफूलाई चिन्ने गर्दछ । उनका विचारमा व्यक्तिले समाज निर्माण गर्दछ किनकी उसमा मस्तिष्क र आत्मतत्व हुन्छ र त्यो आत्मतत्व मुलरुपमा समाज नै हो । यसप्रकार व्यक्तिको आत्मतत्व सामाजिक व्यहारबाट धेरै नै प्रभावित हुन्छ (Ritzer, 1996)।

सामाजिकीकरणको सिद्धान्तमा इमाइल दुर्खिमको योगदानलाई यस अध्ययनमा समेटिएको छ । दुर्खिमको सामाजिकीकरण सम्बन्धी विचारहरु उनको पुस्तक “समाजशास्त्र र दर्शन” मा पाइन्छ । उनले सामाजिकीकरण सम्बन्धी आफ्नो बिचारहरुलाई सामुहिक प्रतिनिधित्व र सामुहिक चेतनाको आधारमा अघि सारेको पाइन्छ । उनका अनुसार प्रत्येक समाजमा आफ्नै खालको विचार, भावना, मूल्यमान्यता र धारणाहरु पाइन्छन् । जुन धारणा, विचार र भावनाले समाजमा मान्यता पाउँदछ । त्यसैले नै सम्पूर्ण समूहलाई प्रतिनिधित्व

गर्दछ । सुरुमा व्यक्तिगत रुपमा मात्र गाँसिएको यस्ता विचारहरु प्रारम्भिक अन्तरक्रियाका क्रममा सामूहिक रुपमा स्वीकार्य हुने गर्दछ । जसका कारण समाजमा विभिन्न प्रकारका धर्म, संस्कृति, रीतिरिवाज, आदर्श आदिको विकास हुँदै जान्छ । समाजमा बस्दा, व्यवहार गर्दा कुनै पनि व्यक्ति वा संस्थाले यी कुराहरुको पालना गर्ने क्रममा आफैँ पनि समाजका कुराहरुको पालना गर्ने क्रममा आफै पनि समाजका यी कुराहरुसँग समाहित भएर अघि बढ्नु पर्छ । यस प्रक्रियालाई नै सामाजिकीकरणको प्रक्रिया भनिन्छ । त्यसैले प्रतिमानहरुको आन्तरिकीकरण र आत्मसातीकरण नै सामाजिकीकरण हो (Rao, 2001) ।

## सिकाइका सिद्धान्तहरु

सिकाई भन्नाले सामान्य अर्थमा नयाँ सिप तथा ज्ञान प्राप्त हुनुलाई सिकाइ भनिन्छ । व्यक्तिले उ बसेको वातावरण अनुसार आफ्ना व्यवहारहरु निर्माण गरेको हुन्छ । सिकाइलाई वातावरणले प्रभाव पार्दछ ।व्यक्तिलाई नयाँ ज्ञान र सिप सिक्नलाई सकारात्मक प्रेरण अति आवश्यक हुन्छ सकारात्मक प्रेरणा प्राप्त भएमा व्यत्तिले कुनैपनि सिप तथा ज्ञान छिटो प्राप्त गर्दछ ।

सिकाइका सम्बन्धमा सिकाई कसरि हुन्छ भनि विभिन्न मनोवैज्ञानिकहरुले विभिन्न सिद्धान्हरु प्रतिपादनगरेका छन् । यसरी प्रतिपादन गरेका सिद्धान्तहरुमा बताइएको सिक्ने प्रक्रियालाई सिकाइको प्रक्रिया भनिन्छ विभिन्न वैज्ञानिकहरुले गरेका परिक्षणका क्रममा प्रतिपादित भएका सिद्धान्तहरु मध्ये, सम्बद्ध प्रत्यावर्तन सिकाइको सिद्धान्त प्रयत्न तथा भूल सिकाइको सिद्धान्त गरि दुई किसिमका सिकाइ सिद्धान्तहरु समावेश गरिएको छ ।

## सम्बद्ध प्रत्यवर्तन सिकाइको सिद्धान्त

उन्नाइसौं शताब्दिको सुरुमा प्रसिद्ध रुसी मनोवैज्ञानिक इभान पी प्याभलभले प्रतिपादन गरेको सिकाइको सिद्धान्तलाई सम्बन्ध प्रत्यवर्तनको सिद्धान्त भनिन्छ । उनले सन् १९०४ मा नोबेल पुरस्कार प्राप्त गरेका थिए । यस सिद्धान्तमा अस्वभाविक उत्तेजनाप्रति स्वभाविक उत्तेजनाले प्रतिक्रिया देखाई सिकाइ हुने प्रक्रियालाई सम्बन्ध प्रत्यावर्तन सिकाई भनिन्छ । जसमा स्वभाविक र अस्वभाविक दुवै उत्तेजनालाई एकैसाथ प्रस्तुत गर्दा अस्वभाविक उत्तेजनाले स्वभाविक उत्तेजनाको जस्तै काम गर्दछ ।

प्याभलभले यस प्रयोगमा एउटा भोको कुकुरलाई यान्त्रिक रुपबाट तयार गरिएको प्रयोगशालामा राखेर घण्टि बजाएर खाना दिन थाले यस क्रमलाई धेरै पटक सम्म दोहोराएर गर्दा कुकुरले खाना नदिइकन घण्टि बजाउँदा पनि रयाल काढ्न थाल्यो यसरि खाना नदिइकनै कुकुरको व्यवहारमा भएको यस परिवर्तन सम्बद्ध प्रत्यावर्तन सिकाइको सिद्धान्त हो । यहाँ रयाल आउनु स्वभाविक प्रतिक्रया हो भने घण्टि अस्वभाविक तत्व हो ।

**कार्यवाहक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त**

प्रसिद्ध व्यवहारवादि मनोवैज्ञानिक बि. एफ स्कीनरले कार्यवाहक सम्बद्ध प्रतिक्रियाको सिद्धान्तको प्रदिपादन गरेका हुन् । यस सिद्धान्तलाई कार्यवाहक सम्बद्ध प्रतिक्रयाको सिद्धान्त भनिन्छ । यस सिद्धान्त अनुसार कुनै पनि सिकाइ सिक्नका लागि प्राणि आफू क्रियाशिल हुनैपर्दछ । प्राणिले जस्तो किसिमको क्रियाकलाप गर्दछ त्यस्तै किसिमको सिकाई सिक्दछ । प्राणि कुनै न कुनै आवश्यकताबाट प्रेरित हुन्छ अनिमात्र उसको सिकाई हुन्छ । जब प्राणिले साधारण खोजि कार्य सुरुगर्दछ र उसले सफलता प्राप्त गर्न सक्दैन र सक्रिय खोजि कार्य सुरु गर्दछ, अनिमात्र विभिन्न व्यवहारहरु उसले उपर्युक्त सिकाइ सिक्न सफल हरन्छ ।

प्रसिद्ध वैज्ञानिक स्कीनरले यस प्रयोगमा एउटा भोको मुसालाई विशेष बाकसमा राखि ढोका बन्द  गरेका थिए । जसमा ढोकाको हयान्डल थिच्नासाथ खाना प्राप्त हुन्थ्यो भोको मुसा उफ्रने,कुद्ने गर्दाउत्त हायान्डलमा थिच्न पुग्यो र उसलाई खाना प्राप्त भयो । उसले खाना खायो र फेरि खाना पाउने आशाले उ यताउता कुदिरहयो जसले गर्दा उसलाई खाना प्राप्त भयो यो प्रक्रिया दोहोरयाउँदै जादा उसले ढोकाको चुकुल थिच्ने कलामा निपुण भयो यसरी चुकुल थिच्ने प्रक्रिया अस्वभाविक प्रतिक्रिया गरेको फलस्वरुप उसले खाना प्राप्त गरयो मुसाको भोक Rainforce हो खाना पानी प्राप्त हुनु पुर्नबलयुत्त हो । मुसाले हायान्डल थिच्न अभ्यस्त हुनु कार्यपरक सम्बद्ध सिकाई हो र यो नै मुसाको आदत निर्माण र व्यवहारको बनोट हो यसप्रकार व्यवहारपरक सिकाइमा कुनै पनि प्राणिले चाहेको व्यहार निर्माण आफ्नै सक्रियतामा गर्न सक्ने प्रमाणित हुन्छ ।

सामान्य भाषामा भन्दा विद्यार्थीको सिकाइ सिक्ने आफनै किसिमको तरिका वा काइदा हुन्छ ।कसैको सुनसान ठाउँमा पढ्ने कसैको कराएर पढ्नेबानी हुन्छ कसैको एक्लै बसेर पढ्ने कसैको छलफल गरेर पढ्ने बानी हुन्छ । यसप्रकारको बानीलाई सिकाइको शैलि भनिन्छ । बालबालिकाहरु विभिन्न वंशाणुगत गुणहरु र वातावरणमा हुर्किएका हुन्छन् त्यसैले

सबै बालबालिकाहरु एकै बानी व्यवहार र एकै स्वभावका हुँदैनन् बालबालिका विविध वंशाणु गुण  विविध वातावरवण खानपान विविध सामाजिक,आर्थिक अवस्थाबाट विकसित हुने भएकाले उनीहरुको सोचाइ काम गराई पढाई आदिको तरिकामा पनि फरक हुने गर्दछ । यस्तो फरक फरक तरिका वा ढाँचालाई नै सिकाइमा भिन्नता सिर्जना गर्दछ ।

अभिभावक नै प्रत्येक विद्यार्थीको पहिलो शिक्षक हो र घर नै उसको पहिलो विद्यालय हो अभिभावकले आफ्ना बालबालिकाको जन्मदेखि हुर्कने र बढ्ने समयमा विशेष हेरविचार र ख्याल गर्न सकेमा बालबालिकाहरुमा अनुशासित व्यवहार पाउन सकिन्छ । सानासाना कलिला बाबुनानीहरुलाई माया गर्दै सकारात्मक पुरस्काररुपि व्यवहार दर्शाउँदै हौसला दिदैं हुर्काउन सकेमा उनीहरुमा असल व्यवहार पाउन सकिन्छ साथै उनीहरुमा असल संस्कारको विकास भई जीवनपर्यन्त उनीहरुमा राम्रा विचारहरुको, व्यवहारहरुको विकास हुन्छ विद्यार्थी तथा बालबालिकाको दोस्रो पवित्र घर हो विद्यालय र दोस्रो अभिभावक नै शिक्षक हो अभिभावक पछि बालबालिकाको दोस्रो पथपर्दशक शिक्षक हो मार्गदर्शक हो शिक्षकले प्रत्येक विद्यार्थीको विभिन्नता पत्ता लगाएर प्रभावकारि शिक्षण गर्नसकेमा विद्यार्थीको पढाइमा राम्रो अपेक्षाकृत सफलता पाउन सकिन्छ ।


शिक्षण सिकाइलाई उपलब्धिमुलक बनाउन कुनै मनोवैज्ञानिकहरुले भनेका तथा दार्शनिकहरुले भनेका परिक्षण गरेका सम्पूर्ण व्यवहारहरु मेल नखान सक्छन्. किनकी बालबालिकाको घरपरिवारको धर्मसंस्कृति, आर्थीक, सामाजिक अवस्था खानपान तथा पोषणको अवस्था बालबालिकामा रहेको पोषणको अवस्था घरपरिवारको चालचलन रीतिरिवाज मूल्य मान्यताहरु तथा बालबालिकाहरु हुर्केको भौगोलिक अवस्थाले पनि बालविकासमा धेरै प्रभाव पारिरहेको हुन्छ ।

बालबालिकाको शैक्षणिक प्रक्रियामा सुधार ल्याउन शिक्षक, अभिभावक तथा बालबालिकाको त्रिकोणात्मक सम्बन्ध बलियो हुनुपर्दछ । बालबालिकाको भावना बुझि सोहिअनुसारको व्यवहार शिक्षक तथा अभिभावकले दिन सकेमा पक्कै पनि बालबालिकाको शिक्षामा राम्रो सफलता प्राप्त हुन्छ ।

विभिन्न मनोवैज्ञानिकहरुले गरेका परिक्षणबाट प्राप्त सिद्धान्तहरु सबै ठाउँ र व्यक्तिमा लागु हुन्छ भन्न सकिदैंन पशुमा गरिएको विभिन्न परिक्षणबाट निकालिएको निष्कर्ष सबै मानिस तथा बालबालिकामा हुबहु नमिल्न सक्छ, किनकि मानिसको चेतनाशक्ति र

पशुको चेतनाशक्तिमा धेरै अन्तर हुन्छ । साथै सबै बालबालिकामा एकैनासको ज्ञान तथा खुबिपनि रहदैंन ।

## २.३ अवधारणात्मक खाका




बालबालिका ज्ञानका स्रोत हुन् उनीहरुको उज्जवल भविष्यको लागि राष्ट्र समुदाय र घरपरिवारबाट विशेष लगानि गर्ने गरेको पाइन्छ । बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा अभिभावकको महत्वपुर्ण भुमिका रहने गर्दछ । परिवारको आर्थिक उपार्जन र आर्थिक परिचालन प्रक्रियाले त्यस परिवारको आर्थिक स्तरको निर्धारण गर्दछ । परिवारको सामाजिक आर्थिक परिवेशले बालबालिकाको जन्मने हुर्कने बढ्ने पढ्ने विविध पक्षमा व्यापक प्रभाव पार्दछ । आर्थिक,सामाजिक अवस्था राम्रो भएका परिवारले बालबालिकाको लागि पढ्ने ,बढ्ने समयमा सकारात्मक वातावरणको निर्माण गर्दछन् । जसले गर्दा बालबालिकाको शारीरिक, मानसिक विकास राम्रोसँग हुन पाउँदछ । बाल्यवस्थामा उचित स्याहार सुसार हेरविचार उपयुर्क्त खानपान तथा मायाममता पाएका बालबालिकाहरु मात्र भविष्यमा सक्षम सवल र सिर्जनशील नागरिक बन्न सक्दछन् । बालबालिकालाई अनुशाषित सिर्जनशिल नागरिक बनाउन शिक्षक शिक्षिका तथा अभिभावकको ठूलो हात रहन्छ । बालबालिकाको पहिलो विद्यालय घर हो जन्मेर ३ ४ वर्ष भन्दा अगाडिको समयमा उ परिवारको रेखदेखमा मात्र हुन्छ जीवनको सबैभन्दा महत्वपूर्ण समय पनि हो यो बिस्तारै उ परिवारका साथसाथै छरछिमेक,आफ्ना आफन्त आदिसँग घुलमिल हुदै समाजमा आफुले गर्नुपर्ने व्यवहार आदिका

बारेमा सचेत भइ अनुषाशित व्यवहार सिक्न सफल हुन्छ । विद्यार्थीको सिकाइलाइ उपलब्धिमुलक बनाउन शिक्षित र सचेत अभिभावक हुनु पहिलो आवश्यकता रहन्छ र बालबालिकाको इच्छा र आवश्यकता बेलैमा पुरा गर्न सचेत अभिभावक हुन जरुरी हुन्छ शिक्षित अभिभावकले छोरा र छोरिमा भेदभाव नगरि समान माया र ममता दिएर हुर्काउँछन् जसले गर्दा बालबालिकाहरुमा सकारात्मक भावना जागृत हुन्छ । घरमा हुर्कने,बढ्ने पढ्ने उपयुक्त वातावरण निर्माण गरि अनुशाषित व्यवहार सिकाउन सकेमा बालबालिकाहरुमा असल बानी व्यवहार विकसित हुँदै जान्छ जसले गर्दा जीवनपर्यन्त बालबालिकाहरु अनुशासित विवेकशील हुदैँ जान्छन् ।

# अध्याय : तीन

# अनुसन्धान विधि

कुनै पनि अध्ययन अनुसन्धान निश्चित ढाँचा समय सीमा र मापदण्डमा रहेर सम्पन्न गरिने कार्य हो । यो अध्ययनसँग सम्बन्धित विषयवस्तु समस्या, उद्देश्य आदिका आधारमा निश्चित ढाँचा उत्तरदाता साधनस्रोतको प्रयोगका माध्यमबाट पुरा गरिने कार्य हो । यस अध्ययनमा अध्ययन कर्ताद्धारा आफैं अध्ययन स्थलमा गई विभिन्न सामाग्रिहरुको सहयोग लिएर तथ्याकंहरुको संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनको क्षेत्र तनहुँ जिल्लाको आँबुखैरेनी गाँउपालिकाको वडा नं १ मा रहेको श्री मित्रता माध्यमिक विद्यालयलाई लिइएको छ । यस अध्ययनमा परिवारको आर्थिक, सामाजिक पक्षले बालबालिकाको शिक्षामा पार्ने प्रभावबारे अध्ययन गर्नु बालबालिकाको शिक्षामा पार्ने प्रभावबारे अध्ययन गर्नु बालबालिकाको सिकाइमा बाबुआमाको भूमिका पत्ता लगाउनु आदि रहेको छ । यस विद्यालयमा यस भन्दा अगाडि यस विषयमा कुनै अध्ययन अनुसन्धान नहुनु ,शिक्षण सिकाइ कार्यलाई उपलब्धिमुलक बनाउन सामुदायिक विद्यालयको उपलब्धिस्तर बढाउनु आदि यस अध्ययनको औचित्य रहनेछ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययन पूर्णरुपमा विश्लेष्णात्मक र वर्णनात्मक रुपमा आधारित छ । अध्ययनका क्रममा सम्बन्धित विद्यालयका संचालकहरु,प्रधानध्यापक विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरु, विद्यार्थीहरु, विद्यार्थीका अभिभावकहरु र अन्य सरोकारवाला व्यत्तिहरुलाई भेटि उनीहरुसँग अन्तक्रिया गर्नाका साथै प्रश्नावलिबाट उत्तर प्राप्त गरि आवश्यक तथ्याकं एवं सुचना संकलन गरिएको छ । यस अध्ययनलाई गुणात्मक तथा मात्रात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य प्राप्तिका लागि अध्ययनसँग सम्बन्धित व्यत्तिसँग प्रत्यक्ष भेटघाट,अन्तरवार्ता, अवलोकन जस्ता विधिहरुको प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनौट विधि

यस अध्ययन तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिकामा सञ्चालित श्री मित्रता माध्यमिक विद्यालयको कक्षा १० मा भर्ना भएका १२० जना विद्यार्थीहरु मध्ये विद्यालयमा उपस्थित भएका १०० जना विद्यार्थीहरु मध्ये विद्यालयमा उपस्थित भएका १०० जना विद्यार्थीहरुलाई छनोट गरेर अध्ययन अनुन्धान गरी सत्य तथ्य पत्ता लगाइएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

यस अध्ययनको उद्देश्यअनुसार गुणात्मक र मात्रात्मक दुवै प्रकृतिका सुचनाहरु सङकलन गर्ने कार्य गरिएको छ तथ्यांक संकलनका लागि निम्न अनुसारको स्रोत प्रयोग गरिएको छ ।

यस अध्ययनको क्रममा तथ्याक संकलनका लागि शोधकर्ता आफै अध्ययन क्षेत्रमा गई समस्यासँग परिचत व्यत्तिसँग प्रत्यक्ष भेटघाट, अवलोकन, सर्भेक्षण, प्रश्नावली अन्तवार्ता विधिबाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययनकर्ता आफैले विगत र वर्तमानका सबै तथ्यहरु प्राथमिक स्रोतबाट संकलन गर्न असमर्थ भएको हुनाले विद्यालय,विद्यालय अभिलेख विभिन्नपुस्तक पत्रपत्रिकामा प्रकाशित सम्बन्धित लेख रचनाहरु केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित तथ्यांक पुस्तकालयबाट प्राप्त सन्दर्भ सामाग्रिलाई द्वितीय स्रोतको रुपमा लिइएको छ ।

यस अध्ययनको उद्देश्यअनुसार गुणात्मक र मात्रात्मक दुवै प्रकृतिका सुचनाहरु सङकलन गर्ने कार्य गरिएको छ ।

**प्राथमिक तथ्याङ्क संकलनका औजारहरु**

### क) अन्तरवार्ता अनुसुची

निर्दिष्ट गरिएका उद्देश्यहरुमा आधारित रहि खुला र बन्द अन्तरवार्ता अनुसुचिको निर्माण गरी विद्यार्थी, विद्यार्थीका अभिभावक, प्रधानाध्यापक, शिक्षकशिक्षिकाहरु सँगबाट सुचना संकलन गरिएको छ ।

### ख) अवलोकन

विद्यार्थी र विद्यार्थीहरुको घर परिवारमा गई विद्यार्थीका क्रियाकलापहरुलाई तथा

घरपरिवारले बालबालिकाका शिक्षा मनोरञ्जन तथा खानपानमा दिएको यथोचित समय आदिको अवलोकन गरिएको छ ।

### ग) **वैयक्तिक अध्ययन**

वैयक्तिक अध्ययन कुनै व्यत्ति वा समुहका सम्बन्धमा गरिने अध्ययन हो । अर्थात व्यत्ति वा समाजको एकाइको समग्र पक्षको अध्ययन नै वैयक्तिक अध्ययन हो । यो सामाजिक अनुसन्धानमा सुक्ष्म प्रकृतिको सुचना संकलन विधि हो यसबाट कुनैपनि समस्यासग सम्बद्ध चलहरुबिचको कार्यकारण सम्बन्ध पत्ता लगाउन सकिन्छ । कुनै पनि विषयको गहन र व्यापक पक्षको अध्ययन गर्न सकिन्छ ।

यस अध्ययनमा समस्यासगँ सम्बन्धित विद्यार्थीहरु मध्ये चारजना विद्यार्थीहरुको अध्ययन गरिएको छ । अभिभावकले पर्याप्त समय दिने आर्थिक सामाजिक अवस्था राम्रो भएको परिवारको बालबालिकाका दुइवटा र आर्थिक सामजिक अवस्थाले गर्दा बालबालिकाको पढाइमा पर्याप्त समय दिन नसक्ने दुई वटा बालबालिकाको वैयक्तिक अध्ययन गरिएको छ ।

# अध्याय : चार

# सामाजिक आर्थिक अवस्थाले विद्यार्थीको सिकाइमा पारेको प्रभाव

## ४.१ अध्ययन क्षेत्रको परिचय

आँबुगाउँपालिका नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चलको तनहुँ जिल्लामा अवस्थीत छ । यो नेपालको मध्य पहाडि जिल्लामा पर्दछ । यो जिल्ला काठमाडौंबाट ११० किलोमिटर पश्चिम र पोखराबाट १९ कि.मि. पुर्वमा अवस्थीत छ । ऐतिहासिक तथा संस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थान तनहुँ, नेपालको मध्य भागमा अवस्थीत पवित्र तिर्थ स्थल देवघाट धाम, महर्षि व्यासपरासरको जन्म भूमि, छाब्दी बराही, ढोर बाराही, आदि कवि भानुभक्त आचार्यको जन्म स्थल साथै २३ विभिन्न आदिवासी जनजातीहरुको कला संस्कार र सस्कृतिले भरिपूर्ण जिल्ला हो । आँबुखैरेनी गाँउपालिका तनहुँ जिल्ला सदरमुकामबाट पूर्वतर्फ २६ कि.मि.को दुरिमा अध्ययन क्षेत्र रहेको छ यस गाँउपालिकाको क्षेत्रफल १५४६ वर्ग कि.मि रहेको छ । यसको उचाइ समुद्रि सतहबाट करिब १८७ मिटरदेखि १८१९ मिटरसम्म रहेको छ यहाँ समशितोष्ण हावापानी पाइन्छ । यस गाउँपालिकाको धेरैजसो जमिन भिरालो भएता पनि खेतियोग्य छ । यहाँको प्रमुख बजार आँबुखैरेनी बजार हो । यस गाउँपालिकाको अन्तर्गत पर्ने छिम्केश्वरी डाँडा समुद्रि सतहबाट १८१९ मिटर उचाइको छ जहाँबाट टाढाटाढा सम्मको दृष्य अवलोकन गर्नपनि पाइन्छ । प्राकृतिक सम्पदाले तथा धार्मिक हिसाबले पनि तनहुँ आबुँखैरेनी गाउँपालिका परिचित छ, आधिमुल माइ, अकला माइ तथा छिम्केश्वरी माइको परिचयले पनि आँबुगाउँपालिका र यहाँका स्थानिय जनमानिसलाई चिनाएको छ ।

आँबु गाउँपालिकाको किनारैकिनार बग्ने मर्स्याङदी नदीबाट निकालिएको बिजुलिबत्तिले गर्दा यहाँका स्थानिय बासिन्दाले लोडसेडिङको मार खेप्नुपर्दैन । यस गाउँपालिकाको सबै वडाहरुमा विजुलिबत्तिको सुविधा पुगेको छ । यस गाउँपालिकामा ब्रहामण, क्षेत्रि, गुरुङ मगर, कामि दमाई, सार्कि, नेवार, भुजेल आदि बसोबास गर्दछन् अनेक धर्म जाति परम्परा संस्कार र संस्कृतिले यस गाउँपालिका धनी छ । यस गाउँपालिकाको कुलजनसंख्या १६३८२ छ, जसमध्ये पुरुषहरुको संख्या ७५७३ र महिलाको संख्या ८८०९ छ । यहाँका मानिसहरुको प्रमुख पेशा कृषि, पशुपालन साथै वैदेशिक रोजगारि हो यहाँका

मानिसहरुले भिरालो जमिनमा सुन्तला, केरा तथा बाँस लगाएर आफ्नो घरखर्च चलाएको पाइन्छ यहाँका बहुसंख्यक मानिसहरुले हिन्दु धर्म, र केहि मानिसहरुले बौद्ध, क्रिश्चियन तथा मुस्लिम धर्म मान्ने पनि रहेका छन् । मुख्य चाडपर्वहरुमा दशैं तिहार तिज शिवरात्री जनैपूर्णिमा रामनवमि ल्होसार, क्रिसमस माघेसंक्रान्ति आदि हुन् । यहाँका मानिसहरुले ठूलो एकादशिमा अघिल्लो दिनदेखि नै पूजा लगाएर बाजागाजा सहित फूलको डोलि आँधिमूल लगेर टाँग्ने चलन छ यस दिनमा आँधिमूलमा ठूलो जात्रा लाग्दछ टाढा टाढा देखिका मानिसहरु आँधिमूल जात्रामा सहभागि हुन्छन् त्यस्तै शिवरात्रीमा मर्स्याङ्दी नदिको किनारमा रहेको अकला मन्दिरमा ठूलो पूजाअर्चना गरिन्छ जहाँ हजारौं भत्तजनहरु आउने गर्दछन् । आँबु गाउँपालिकामा रहेको छिम्केश्वरी मन्दिरमा रामनवमीमा जात्रा लाग्ने गर्दछ । यस गाँउपालिकाको सबै वडाहरुमा कच्चि सडकहरु रहेपनि मोटर बाटोको सुविधा नियमित र भरपर्दो छैन । साथै कच्चि सडकमा जोखिमका साथ यात्रा गर्न यहाँका मानिसहरु बाध्य छन् यहाँ हस्पिटल र स्वास्थय चौकिको राम्रो व्यवस्था रहेको छ साथै निजी मेडिकल हल र हेल्थ सेन्टर र निजी हस्पिटलहरुको पनि राम्रो सुविधा रहेको छ । यस गाउँपालिकामा रहेका मानिसहरुको प्रमुख खानेकुराहरु दाल भात तरकारी रोटि मासु आदि पर्दछन् । यहाँका मानिसहरु मौसमअनुसार फल्ने फलफुलहरु र अण्डा माछामासु खाने गर्दछन् प्राकृतिक स्रोत र साधनको उचित ढगंले प्रयोग हुन सके पशुपालन कृषि तथा फलफुल खेतिबाट प्रशस्त आम्दानि गर्न सकिने सम्भावना छ । मोटरबाटो र विजुलीबत्तिको सूविधा पुगेको छ । यहाँका मानिसहरुको मुख्य खानामा भात, दाल, रोटि, तरकारी, अचार, माछामासु, दुध, दही आदि पर्दछन् ।

## ४.२ अध्ययन क्षेत्रको शैक्षिक झलक

यस अध्ययन क्षेत्र आँबुखैरेनी मित्रता माध्यमिक विद्यालय स्रोत केन्द्र अन्तर्गत पर्दछ । यस आँबुखैरेनी गाउँपालिकामा मित्रता स्रोतकेन्द्र अन्तर्गत छिम्केश्वरी गा.वि.स.को ७ वटा देउराली गा.वि.स.को १२ वटा विद्यालय र आँबुखैरेनी गा.वि.स को १९ वटा सामुदायिक विद्यालय र७ वटा संस्थागत विद्यालय रहेका छन् ।

अध्ययन क्षेत्र आँबुगाउँपालिकामा १ सत्रसय मित्रता स्रोतकेन्द्र अन्तर्गत ३८ वटा सामुदायिक विद्यालयहरु र ७ वटा संस्थागत अर्थात् निजी विद्यालयहरु सञ्चालनरत छन् । जसमध्ये ६ वटा माध्यमिक विद्यालयहरु र अन्य ३२ वटा विद्यालयहरु नि.मा.वि. र प्रा. वि

स्तरका रहेका छन् साथै संस्थागत ५ वटा विद्यालयहरु मा.वि. स्तरका एउटा नि.मा.वि तहको र एउटा प्रा.वि तहका् रहेका छन् आँबुगाउँपालिका वडा नं मा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरु यसप्रकार रहेका छन् ।

सामुदायिक विद्यालयहरु

१. मित्रता माध्यमिक विद्यालय

२. चन्द्रोदय नि.मा.वि

३. मर्स्याङदि सा.वि म. नि.मा.वि

४. सुर्योदय प्रा. वि

संस्थागत विद्यालयहरु

१. एच.पि. मेमोरियल बों नि.मा.वि.

२. लिटिल भ्याली बो प्रा.वि.

## ४.३ मित्रता माध्यमिक विद्यालयको परिचय

तनहुँ जिल्ला आँबुखैरेनी गाउँपालिकामा वडा नं १ मा यस भेगका बालबालिकाहरुलाई गुणस्तरिय शिक्षा प्रदान गरि राष्ट्रलाई आवश्यक पर्ने सक्षम, सवल, जिम्मेवार मिहिनेति राष्ट्रप्रति बफादार र अनुषाशित जनशक्ति तयार गर्ने लक्ष्य लिएर स्थानीय शिक्षाप्रेमि व्यक्तिहरु, भू.पु सैनिक तगायत सरकारी स्तरबाट वि.सं. २०२८ सालमा स्थापना भएको हो । यस मित्रता माध्यमिक विद्यालयको पूर्वमा श्री रामशाह माध्यमिक विद्यालय र उत्तरमा निजी संस्थागत विद्यालय श्री एच.पि. मेमोरियल र लिटिल भ्याली इङगलिस बोडिङ रहेको छ । साथै सत्रसय बजारको पृथ्वी राजमार्गबाट २०० मि. भित्र रहेको छ ।

विद्यालयको आफ्नो नाउँमा रहेको जग्गाको क्षेत्रफल २०० रोपनी रहेको छ । यस विद्यालयको जम्मा ६ वटा भवनहरु रहेका छन् । एउटा भवन पुस्तकालय तथा कम्प्युटर ल्यावको लागि प्रयोग गरिएको छ भने एउटा भवनमा नर्सरि, एल.के.जी. तथा अफिसको लागि प्रयोगमा ल्याइएको छ अन्य भवनहरु पठनपाठनको लागि प्रयोगमा ल्याइएको छ । चारैतिर भवनले घेरेर विचमा खेलमैदान राखिएको छ साथै चारैतिर अशोकका रुखहरु रोपेर विद्यालयलाई हरियाली र सरसफाइ युत्त बनाइएको छ फराकिलो खेलमैदानमा विद्यार्थीहरु फुटबल भलिबल लगायत अन्य खेलहरु समय मिलाएर खेल्ने गर्दछन ।

यस विद्यालयमा २७ जना शिक्षक शिक्षिकाहरु स्थायी र निजीमा ५ जना शिक्षक शिक्षिकाहरु राखि विद्यालय सञ्चालन गरिएको छ । विद्यालयको जग्गा भाडामा लगाएर विद्यालयले राम्रो आम्दानि गरेको छ यहि आम्दनिबाट निजीमा राखेका शिक्षक, शिक्षिकाहरुको तलबका साथै गरीब, जेहेन्दार, अपाङग र दलित समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने गरिएको छ अर्थात् निश्चित संख्या तोकि निःशुल्क शिक्षाको अवसर (छात्रवृत्ति) प्रदान गरि यस समुदायमा भएका आर्थिक रुपले विपन्न बालबालिकाहरुलाई सहयोग पुऱ्याएको छ ।

**तालिका ४.१ विद्यार्थी संख्याको तहगत विवरण २०७३**

| **तह** | **छात्रा** | **छात्र** | **जम्मा** |
|---|---|---|---|
| पूर्व प्राथमिक | ११ | ८ | १९ |
| प्राथमिक | २६ | १७ | ४३ |
| निम्न माध्यमिक | २८ | २८ | ५६ |
| माध्यमिक | २६१ | १९५ | ४५६ |
| जम्मा | ३२६ | २४८ | ५७४ |

स्रोत : विद्यार्थी भर्ना अभिलेख २०७३ ।

माथिको तालिकालाई अध्ययन गर्दा पूर्व प्राथमिक तहमा विद्यार्थी संख्या निकै थोरे १९ जना मात्र रहेको देखिन्छ । प्राथमिक तहमा ४३ जना मात्र विद्यार्थी संख्या रहेको छ । नि.मा.वि. तहमा पनि विद्यार्थी संख्या जम्मा ५६ जना मात्र रहेका छन् । तर माध्यमिक तहमा ४५६ जना आधारभूत तहको भन्दा तीनगुणा बढी विद्यार्थी रहेको देखिन्छ । विशेषगरी समाजमा आर्थिक, सामाजिक रुपमा सक्षम अभिभावकले संस्थागत विद्यालयमा आफ्ना बालबालिकालाई अध्ययन गर्न पठाएको देखिन्छ । साथसाथै आधारभूत तहसम्म संस्थागत विद्यालयमा भर्ना गर्ने अभिभावकको संख्या उच्च रहेको पाइन्छ । हाम्रो सामुदायिक विद्यालयमा किन आधारभूत तहसम्म विद्यार्थी संख्या न्यून रहेका छन् भनि विद्यालयका प्रधानाध्यापक ध्रुवराज अधिकारी र विद्यालयको अध्यक्ष भिष्मकान्त गौलीलाई सोध्दा अभिभावकहरुले आधारभूत तहसम्म आफ्ना बालबालिकालाई संस्थागत विद्यालयमा पढाउँदा शिक्षाको जग बलियो हुन्छ भन्ने धारणा राख्नु साथै हाम्रो सामुदायिक विद्यालयमा आधारभूत तहसम्म पुराना शिक्षकहरुबाट सबै विषय अंग्रेजी माध्यमबाट पढाई नहुनु आदि विविध

कारणहरुले गर्दा आधारभूत तहमा विद्यार्थी संख्या निकै कम रहेको हो भन्ने उत्तर पाइयो ।

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउन सबै तहमा अंग्रेजी माध्यमबाट पढाउनु पर्ने, प्राथमिक तहमा विद्यार्थीलाई आकर्षित गर्न विभिन्न खेल सामग्रीहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**तालिका ४.२ एसइई मा सहभागि विद्यार्थी र उतिर्ण प्रतिशत**

| वर्ष | सहभागि विद्यार्थी | उत्तिर्ण विद्यार्थी | प्रतिशत |
|---|---|---|---|
| २०७२ | १६० जना | १३५ जना | ८४.३८ प्रतिशत |
| २०७३ | १०० जना | ७० जना | ०.७ प्रतिशत |

स्रोत : विद्यालय प्रतिवेदन २०७३

माथिको  तालिकालाई अध्ययन गर्दा एसइई परिक्षामा २०७२ सालमा सहभागी विद्यार्थी १६० जना मध्ये १३२ जनाले मात्र उत्तीर्ण गरेको देखिन्छ भने २०७३ सालमा १०० जना विद्यार्थीले एसइई परिक्षा दिएकोमा ७० जना मात्र उत्तीर्ण भएको देखिन्छ ।

एसइई परिक्षाको नतिजा क्रमैसँग ओरालो लागेको देखिन्छ । यो अभिभावक शिक्षक तथा शिक्षा प्रेमि सबैको चासो र चुनौतिको विषय बनेको छ । विद्यार्थीहरु सजिलै C, D, E मा  भए पनि  पास हुने साथै शिक्षाको बहुआयामिक महत्वका बारेमा बालबालिकालाई समयमा नै बुझाउन नसक्नुले पनि यो अवस्था आएको हुन सक्छ  तसर्थ बालबालिकालाई पढाइप्रति समयमा नै लगनशील बनाउन जरुरी देखिन्छ ।

**तालिका ४.३ विषयगत एसइई नतिजा विवरण २०७३**

| विषय | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | स्वा.जनसख्या |
|---|---|---|---|---|---|---|
| | ७५% | ७२% | ८१% | ७२% | ७०% | ९५% |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

माथिको तथ्यांक अध्ययन गर्दा विद्यार्थीहरुको सिकाइको उपलब्धि सन्तोषजनक छैन विद्यार्थीहरुको पढाइमा लगनशीलता बढाउनुपर्ने देखिन्छ । तसर्थ विद्यालय र अभिभावकहरुले बेलैमा सचेत भई शिक्षण सिकाइ प्रक्रियामा रहेका कमिकमजोरिहरु हटाइ समस्या तथा

चुनौतिहरु पत्ता लगाइ विद्यार्थीको सिकाइको स्तर उकास्न तत्काल योजनाबद्ध ढगंले अगाडि बढ्नुपर्ने देखिन्छ ।

## ४.४ परिवारको शैक्षिक र आर्थिक अवस्थाले विद्यार्थीको पढाइमा पारेको प्रभाव

घरपरिवारको आर्थिक र सामाजिक अवस्थाले विद्यार्थीको पढाइमा ठूलो प्रभाव पार्दछ । आर्थिक अवस्था राम्रो भएका परिवारको खानपान र पोषणको व्यवस्था राम्रो साथै बालबालिकाको शैक्षिक सामाग्रीको आवश्यकता पनि बेलैमा पुरा हुने हुदाँ आर्थिक अवस्था राम्रो भएको परिवारको बालबालिकाको सिकाइमा धेरै प्रभाव पारेको पाइन्छ ।

शिक्षित परिवारले आफुपनि सभ्य र शालिन व्यवहार देखाउँदै बालबालिकाहरुलाई अनुशासित व्यवहार सिकाउन सफल भएको देखिन्छ । परिवारको प्रत्यक्ष निगरानिमा बालकको प्रथम चरण व्यतित हुनेहुँदा पनि परिवारको जस्तो प्रत्यक्ष र प्रभावकारी असर बालबालिका माथि अन्य समुहको पर्दैन । कुनै पनि बालबालिका जन्मपछि अनुकुलित हुदै समायोजन हुने वातावरण नै परिवार हो । शैक्षिक स्थिति उच्च हुने परिवारका बालबालिकाहरुले घरमा लेखपढ गर्ने राम्रो वातावरण पाएको देखिन्छ । बालबालिकाहरुलाई शिक्षामा आकर्षण गर्ने शिक्षित परिवार विशेष सफल भएको पाइन्छ ।

**तालिका ४.४ : परिवारको शैक्षिक अवस्थाले विद्यार्थीको उपलब्धीमा पारेको प्रभाव**

| किसिम | संख्या | प्रतिशत | बढि अंक प्राप्त गर्ने | | कम अंक प्राप्त गर्ने | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| साक्षर भएका परिवार | ५० | ५० % | १५ जना | ३०% | ३५ जना | ७०% |
| शिक्षित भएका परिवार | ३० | ३० % | २१ जना | ७०% | ९ जना | ३० % |
| उच्च शिक्षा प्राप्त परिवार | २० | २० % | १९ जना | ९५% | १ जना | ५०% |
| **जम्मा** | **१००** | **१००** | | | | |

स्रोतः कार्य क्षेत्र अध्ययन २०७३ ।

माथिको तालिका अध्ययन गर्दा के देखिन्छ भने ५०% विद्यार्थीले घरमा अध्ययन गर्दा आफुले नजानेको कुराहरु अर्थात् असजिलो गृहकार्य गर्न र अन्य आधारभुत कुराहरु

घरपरिवारका सदस्यहरुबाट सिक्न पाएका छैनन् । त्यस्ता विद्यार्थीहरु पूर्णरुपमा आफ्नो पढाइका लागि विद्यालयमा नै भर पर्नुपर्ने देखिन्छ । तर करिब ५० प्रतिशत विद्यार्थीहरुले भने प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आफूलाई अप्ठायारो लाग्ने र पढाइका सन्दर्भमा परेका कतिपय समस्याहरुको समाधान गर्न घरपरिवारका पढेलेखेर शिक्षित वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गर्न सफल भएका सदस्यहरुबाट सहयोग पाउने देखिन्छ । यसैले होला उच्च शैक्षिक स्तर भएका परिवारबाट विद्यालयमा पढ्न आएका अधिकांश विद्यार्थीहरु नै हरेक कक्षामा प्रथम,द्धितिय,र तृतिय स्थान हासिल गर्न सफल भएको देखिन्छ तर परिवारमा उच्च शैक्षिक स्तर नभएका सदस्यहरु भएको परिवारबाट विद्यालयमा पढ्न आएका कतिपय विद्यार्थीहरुले पनि उत्कृष्ट स्थान हासिल गर्न सफल भएको पाइन्छ । कतिपय विद्यार्थीहरुको परिवारका सदस्यहरु आफु साक्षर भएपनि घरमा उचित वातावरण प्रदान गरि पढाइको महत्वका बारेमा अवगत गराएर पनि बालबालिकालाई उत्कृष्ट बनाउन सफल भएको देखिन्छ । तर परिवारको शिक्षाले बालबालिकालाई विशेष प्रभाव पारिरहेको हुन्छ । बालबालिकाहरुलाई गृहकार्य गर्न तथा किताब भन्दा बाहिरका धेरै कुराको ज्ञान दिलाउन शिक्षित अभिभावक सफल भएको पाइन्छ । परिवारको शिक्षाले बालबालिकाको शिक्षालाई हरबखत सहयोग गरिरहेको पाइयो ।

**तालिका ४.५: बालबालिकाको परिवारको आर्थिक स्थिति विवरण**

| मासिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| रु,१८,००० सम्म | ४५जना | ४५% |
| मासिक १८,००० भन्दा माथि | ५५ जना | ५५% |
| जम्मा | १०० | १०० % |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

माथिको तालिकालाई अध्ययन गर्दा मासिक आम्दानी १८००० सम्म कमाउने अभिभावकहरु ४५ प्रतिशत हुनुहुन्छ जसले गर्दा आजको महंगीमा बालबालिकाहरुको आवश्यकता पुरा गर्न कठिन पर्ने देखिन्छ । बालबालिकालाई अति आवश्क पर्ने कापी कलम झोला जुत्ता, छाता, आदि जस्ता शैक्षिक सामाग्रीहरु पनि समयमा नै किनिदिन सकेको पाइदैन । त्यसैले अधिकांश मासिक आम्दानी कम भएको परिवारबाट आएका बालबालिकाको शिक्षण शिकाइ उपलब्धी कम रहेको देखिन्छ ।

## ४.५ बालबालिकाको पौष्टिक आहारको आपूर्ति

बालबालिकाको शारीरिक तथा मानसिक विकासको लागि पौष्टिक आहारको आवश्यकता पर्दछ । बालबालिकाको सामाजिक विकास संवेगात्मक विकास र व्यत्तित्वको समेत विकास हुन सर्वप्रथम पोषिला खानेकुराहरुको आवश्यकता पर्दछ। पोषणयुक्त खानाको अभावमा शारीरिक विकासमा अवरोध, मानसिक अस्वस्थता, संवेगात्मक ढिलासुस्ती र बौद्धिक विकासमा पछौटेपन देखापर्न सक्छ । बालबालिकालाई शारीरिक र मानसिक रुपमा स्वास्थ्य राख्नका लागि पोषणयुक्त खानाको आवश्यकता पर्दछ ।

अध्ययन गरिएका प्रायजसो विद्यार्थीहरुले दैनिक बिहान दिउँसो र बेलुका गरि कम्तिमा तीनपटक र बढीमा पाँचपटक खानेकुराहरु खाने गर्दछन् । प्राय: विद्यार्थीहरु बिहान चिया नास्ता खाइ नौ बजे दाल भात तरकारी अचार दुध जस्ता खानेकुराहरु खाने गर्दछन् । दिउँसो रोटि, चिउरा भूजा बिस्कुट चाउचाउ पकौडा समोसा आदि खान्छन् तर माछामासु दुध फलपलूल जस्ता पोषिला खानेकुराहरु भने सन्तुलन नमिलाई खाने गरेको देखियो ।

**तालिका ४.६: विद्यार्थीको पोषण स्थिति विवरण**

| खानेकुराको नाम | संधै नियमित खाने विद्यार्थी | प्रतिशत | कहिलेकाही खाने विद्यार्थी | प्रतिशत | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| दुध | ५५ | ५५% | ४५ | ४५% | १०० |
| फलफुल | ४५ | ४५ % | ५५ | ५५% | १०० |
| माछामासु | ४७ | ४७% | ५३ | ५३% | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

जम्मा विद्यार्थी सँख्याको ५५ प्रतिशत विद्यार्थीले मात्र फलफूल नियमित रुपमा खान पाएका छन् अन्य ४५ प्रतिशत विद्यार्थीहरुले सिजन अनुसार वा कहिलेंकाहिं मात्र दुध फलफुल खाने गरेको पाइयो । साथै माछा मासु अण्डा नियमित रुपमा खाने भन्दा नखाने विद्यार्थीहरुको संख्या नै बढि पाइयो यसरि हेर्दा बालबालिकालाई आवश्यक पर्ने पौष्टिक आहारको आपूर्तिमा कमि रहेको पाइयो ।

## ४.६ विद्यार्थीको खेलकुद तथा मनोरञ्जनको स्थिति

बालबालिकालाई पढाइका अतिरित्त खेलकुद तथा मनोरञ्जनमा पनि विशेष समय

दिनुपर्दछ । खेलकुदले बालबालिकालाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य बनाउन सहयोग पुरयाउँदछ । कतिपय अभिभावकले बालबालिकाहरुलाई खेलकुदमा भाग लिन प्रेरणा दिएको पाइन्छ भने कतिपय अभिभावकले बालबालिकाहरुलाई खेलकुदबाट मनोरञ्जन लिन तथा कसरत गर्नबाट वञ्चित गरिरहेको पाइन्छ शिक्षित तथा आर्थिक अवस्था सवल हुने परिवारले बालबालिकाको भावनाको उच्च कदर गर्दै खेलकुदका सामाग्री किनेर ल्याइदिने खेल्नका लागि उचित परामर्श दिने गरेको पाइन्छ घरभित्रका खेलहरु जस्तै क्यारेमबोर्ड, चेस लुडो आदि किनेर ल्याइदिने साथै आमाबाबाले आफ्ना बालबालिकासँगै बसेर खेल्दै खेलको मज्जा लिएको पनि पाइयो साथै साथी साथी जम्मा भएर खेल्न प्रेरणा दिएको पनि पाइन्छ । साथसाथै घरबाहिरका खेलहरुमा मौसम र समयको ख्याल गरि फूटबल, भलिबल, बास्केटबल क्रिकेट ब्याडमिन्टन, डन्डिबियो आदि खेलमा प्रेरित गर्दै स्वयं अभिभावक पनि सहभागि भइ खेलकुदमा सहभागि भएको पाइयो विशष गरि शिक्षित तथा आर्थिक सामाजिक अवस्था राम्रो भएका घरपरिवारले खेलकुदका सामाग्रि किनेर ल्याइदिने गरेको पाइयो ।

**तालिका ४.७: बालबालिकाको खेल कुद तथा मनोरञ्जनको स्थिति**

| | | |
|---|---|---|
| खेल कुदका सामाग्री किनिदिन अभिभावक | ६० | ६०% |
| खेल कुदका सामाग्री किनिदिन आनाकानी गर्ने अभिभावक | ४० | ४०% |
| जम्मा | १०० | १०० |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

खेलकुदमा भाग लिनुपर्छ भन्ने अभिभावकको संख्या धेरै हुदाँ बिस्तारै हाम्रा सचेत र शिक्षित अभिभावकको संख्या उल्लेखनिय छ भन्न सकिन्छ । विशेषगरि शिक्षित अभिभावकहरुले नै बालबालिकाहरुको खेलकुदमा विशेष सहयोग तथा हौसला दिएको पाइयो ।

## ४.७ बालबालिकाहरुको भ्रमण तथा मनोरञ्जनको स्थिति

बालबालिकाहरुलाई पढाइको साथसाथै विभिन्न भ्रमण तथा मनोरञ्जनले मानसिक स्फूर्ति प्रदान गर्दछ । मानिसलाई खान लगाउन पढ्न लेख्नका अतिरित्त मनोरञ्जनको आवश्यकता पर्दछ । जुनकुनै पनि मानिसले दिनको १ घण्टा समय मनोरञ्जनका लागि दिन

सकेमा दिमाग स्वस्थ्य हुन्छ । साथसाथै वर्षको एकपटक नयाँ ठाउँको भ्रमण तथा कम्तिमा २ दिन कहिंकतै भ्रमण गर्नु स्वस्थ्य तन र मनका लागि आवश्यक हुन्छ विद्यालयले वर्षको एकपटक पाँचकक्षा भन्दा माथि विद्यार्थीको उमेर अनुसार टाढा टाढाको भ्रमणमा लैजाने गरेको छ । विद्यालयले व्यवस्था गरेको भ्रमणमा धेरैजसो बालबालिका समेटिने गरेका छन् कुनै कुनै बालबालिका घरको आर्थिक परिस्थितिको कारण वञ्चित हुनुपर्ने बाध्यता रहेको देखियो भने कुनैकुनै बालबालिका घरको भन्दा आफ्नै स्वास्थयले गर्दा भ्रमणबाट वञ्चित हुनुपरेको पाइयो ।

बालबालिकाहरुलाई घुमाउनको लागि विद्यालयका अतिरित्त घरपरिवारले पनि लैजाने गरेको पाइन्छ विद्यालय बिदाको समय पारेर कतिपय अभिभावकले आफ्ना बालबालिकाहरुलाई मेला महोत्सव तथा मन्दिर पार्क आदि लैजाने गरेको पनि पाइयो । यसरी बालबालिकाको भ्रमण तथा मनोरञ्जनमा अतिरित्त समय खर्चने अभिभावकहरु विशेषगरि रोजगारि तथा उच्च शिक्षा हासिल गरेका व्यापार व्यवसायमा संलग्न तथा बाबा वैदेशिक रोजगारिमा गएर आर्थिक अवस्था मजबुत भएका घरपरिवारले बालबालिकाहरुलाई विशेष भ्रमणमा सहभागि गरेको पाइयो साथै कृषि तथा पशुपालन व्यवसायमा संलग्न अभिभावकले बालबालिकाको मनोरञ्जनमा विशेष समय खर्चिन नसकेको पाइयो ।

## ४.८ बालबालिकाको आमाहरुको शैक्षिक स्थिति

बालकको गर्भ देखि किशोरावस्थासम्म सबैभन्दा नजिकको साथी आमा नै हुन्छिन् । आमाले बालकलाई गर्भमा हुदाँ देखि किशोरावस्था पुऱ्याउन धेरै मेहनत गरेकि हुन्छिन् आमाको गर्भमा रहदा बालकलाई आमाको भोजन, स्वास्थ्य बानी व्यवहार र सोचाइले पनि बालकलाई प्रभाव पारिरहेको हुन्छ । साथै जन्मपश्चात पनि बालबालिकालाई आमाको शारीरिक तथा मानसिक कारणले पनि नजिक बनाइरहेको हुन्छ । बालकको सबैभन्दा धेरै समय आमासँग व्यतित हुनेहुँदा आमाको व्यवहारले बालक सबैभन्दा बढि प्रभावित भइरहेको हुन्छ । आमा नै बालकको पहिलो गुरुआमा हो त्यसैले पहिलो गुरुआमा शिक्षित र सचेत भएमा बालकलाई सहि मार्गनिर्देशन दिएर असल बानीव्यवहार सिकाउन समझदार बनाउन सफल हुन्छिन् आमाले दिनसकेको वातावरण र भूमिकाले बालकलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । उचित सामाजिक सांस्कृतिक वातावरण पाएका बच्चाहरुको मानसिक विकास उच्च हुन्छ । अधिकांश बालबालिकाको बाबाहरु वैदेशिक रोजगारिमा भएकाले पनि

बालबालिकाको प्रत्येक व्यवहारको निरिक्षण गरि उचित दिशातर्फ लगाउन समयमा नै प्रोत्साहन र परामर्शदिने जिम्मेवारी पनि आमालाई प्राप्त भएको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थिति, साथीसंगत आदिको मूल्याकंन गरि समयमा नै सहि मार्गनिर्देश गर्नु आमाहरुको पहिलो कतर्व्य हो । शिक्षित आमाले बालबालिकालाई खाना खुवाउँदै, पकाउँदै तथा अन्य कुनै काम गर्दागर्दै पनि पढाउन सक्छिन् । आमा शिक्षित भएमा बालबालिकाको स्वास्थ्यमा पनि उचित हेरविचार पुग्दछ आमाको शिक्षामा कमि हुनुका साथै अन्धविश्वासको कारणले गर्दा कति आमाहरुले बालबालिकाको स्वास्थ्यलाई झारफुक र जन्तर लगाएर निको हुन्छ भनि पर्खदापर्खदै बालबालिकाको स्वस्थ्यमा प्रतिकुल असर पर्न गएको पनि पाइयो । शिक्षित आमाले बालबालिकाहरुको खानपान अर्थात सरसफाइ र वातावरणको ख्याल गरि फलफूल दुध, माछामासु जस्ता खानेकुराहरु ख्वाउन सफल भएको पाइन्छ ।

आमाको शिक्षामा पहुँच पुग्दा बालबालिकाको गर्भदेखि नै उचित हेरविचार पुग्ने देखिन्छ । साथै बालबालिकाको स्वास्थ्य र पोषणको उचित हेरविचार पुग्ने देखिन्छ ।साथै विद्यालयबाट दिएको गृहकार्य गर्दा असजिला लागेका कुराहरु सोध्न पाउने देखिन्छ । शिक्षित आमाले आफ्ना बाबुनानीहरुलाई समयमा नै विभन्न कुराहरुबारे बताएर विभिन्न विषयबारे जानकार बनाएको पनि पाइयो ।

**तालिका ४.८  उत्तरदाताको आमाहरुको शैक्षिक स्थिति विवरण**

| शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ७० जना | ७० % |
| शिक्षित | २० जना | २०% |
| उच्च शिक्षा | १० जना | १० % |
| जम्मा | १०० जना | १०० % |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

अध्ययन गरिएका विद्यार्थीका अधिकांश आमाहरुको शैक्षिक योग्यता साक्षर ७० % रहेको पाइयो शिक्षित आमाहरु २० % प्रतिशत रहेको पाइयो । आमाहरुको उच्च शिक्षामा १० % मात्र पहुँच रहेको पाइयो । त्यसैले बालबालिकाको शैशव अवस्थादेखि हालसम्म पनि

उनीहरुका आमाहरुबाट के कस्तो प्रेरणा सल्लाह तथा परामर्श पाउँदै आएका छन् भन्ने कुराको सहजै अनुमान लगाउन सकिन्छ किनकि बालबालिकाको पहिलो गुरुआमा भन्नुनै उसको आमा नै हुन्छिन् । आमाको उच्च शिक्षामा पहुँच पुग्दा बालबालिकाको शिक्षामा भएको प्रगतिलाइ तलको वैयक्तिक अध्ययनले पनि पुष्टि गर्दछ ।

## वैयक्तिक अध्ययन १

मेरो नाम सन्ध्या अधिकारी हो । श्री मित्रता माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत छु । कक्षा १ देखि हालसम्म म यस विद्यालयमा अध्ययनरत छु । यस विद्यालयमा पढ्ने प्रेरण मैले मेरी आमाबाट पाएकि हुँ । मलाई सानोमा घरमा आमाले नै साँवा अक्षर चिनाइसक्नु भएको थियो बाबा वैदेशिक रोजगारीको शिलशिलामा विदेशमा नै हुनुहुन्छ । उहाँले विदेशमा बसेर हामीलाई राम्रोसँग पढनुपर्छ भनि सम्झाइरहनुहुन्छ । बाबाको मासिक आम्दनि पनि राम्रै छ जसले गर्दा हामीलाई आवश्यक पर्ने सरसामानहरु आमाले समयमा नै किनिदिनुहुन्छ साथै मेरी आमाले उच्च शिक्षा हासिल गर्नुभएकाले मलाइ घरमा लेखपढ गर्न असजिला गृहकार्य गर्न सजिलो भएको छ । हाम्रो घर विद्यालयबाट १.५ घण्टाको दुरिमा पर्ने भएकाले मेरी आमा म र भाई सत्रसय बजारमा डेरा गरि बस्छौं आमाले हामी दुइ दिदि भाइलाई निकै माया गर्नुहुन्छ । आमाले अन्य पेशा व्यवसाय नअपनाउनुभएकाले पनि हामीलाई पर्याप्त समय दिनुहुन्छ । विद्यालयको गृहकार्य सिध्याएपछि थप लेखपढ गर्न हामीलाई सघाउनुहुन्छ हामीसँगै बसेर पढ्नुहुन्छ त्यसैले होला मेरो पढाइ कक्षामा सधैं पहिलो स्थानमा रहेको छ । हामीलाई आमाले समय मिलाएर घुमाउन पनि लैजानुहुन्छ र खेल सामाग्री (ब्याडमिन्टन, भलिबल, क्यारेमबोर्ड) आदि किनेर ल्याइदिनुहुन्छ । त्यसैले होला भाइले र मैले खेलमा पनि राम्रो स्थान बनाउन सफल भएका छौं । मेरो भविष्यमा पढेर निजामति कर्मचारि बन्ने धोको छ । आमाबाबाले पनि मलाई एक कुशल देशभक्त नागरिक बनाउने इच्छा राख्नुभएको छ मेरो बाबा आमाको सपना र मेरो इच्छा पुरा गर्न मैले पनि मेहनतका साथ पढाइमा लागेकी छु । आमाले मेरो पढाइका लागि शिक्षक शिक्षिकाहरुसँग पटकपटक भेटि सोधिरहनुहुन्छ साथै विद्यालयले बोलाएको बेला उपस्थित भइ सल्लाह सुझाव दिने लिने गर्नुहुन्छ आमाको मिठो साथ र व्यवहारले होला मेरो पढाइ क्रमश अघि बढिरहेको छ ।

## ४.९ विद्यार्थीको सिकाइ उपलब्धि विवरण

शिक्षणसिकाइ क्रियाकलाप प्रत्यक्षरुपमा शिक्षक विद्यार्थी र अभिभावकसँग सम्बन्धित रहन्छ । प्रत्येक विद्यार्थीको मनोभावना बुझ्रेर शिक्षक तथा अभिभावकले उचित परामर्श तथा सिकाइ प्रदान गर्न सकेमा उनीहरुको सिकाई उपलब्धि बढि हुन्छ । शिक्षण सिकाइ उपलब्धिको स्तर बढाउनमा शिक्षक,अभिभावक तथा बालबालिकाको त्रिकोणात्मक सम्बन्ध रहन्छ । बालबालिकाको शैक्षिक उपलब्धि स्तर बढाउनमा शिक्षक,अभिभावक,तथा विद्यार्थीको बराबर मेहनत तथा लगनशिलता रहन्छ । घरमा पढ्नको लागि आवश्यक कापि कलम किताब दिएर उचित वातावरण निर्माण गरि पढ्नको लागि सहि प्रेरण र प्रोत्साहन गर्ने जिम्मेवारी अभिभावकको रहन्छ भने विद्यालयमा बालबालिकाको भावना बुझ्रेर सहि तरिका अपनाई थप हौसला र प्रेरणा प्रदान गर्दै पढाउने जिम्मेवारी शिक्षकको रहन्छ साथै अभिभावकको चाहना र शिक्षकको प्रत्यक्ष निगरानिमा रहेर सिक्दै अघि बढ्नु विद्यार्थीको कतर्व्य रहन्छ । अनिमात्र शिक्षण सिकाइ उपलब्धिको स्थिति आशा गरे अनुरुप हुन्छ ।

**तालिका ४.९: विद्यार्थीको सिकाइ उपलब्धी विवरण**

| औषत अंक | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| १५ देखि ३० सम्म अंक प्राप्त गर्ने | २० जना | २५% |
| ३० देखि ४५ सम्म अंक प्राप्त गर्ने | २५ जना | २५% |
| ४५ देखि ६० सम्म अंक प्राप्त गर्ने | ३० जना | ४०% |
| ६० देखि ८० सम्म अंक प्राप्त गर्ने | १५ जना | ३०% |
| ८० भन्दा माथि अंक प्राप्त गर्ने | १० जना | १०% |
| जम्मा | १०० जना | १००% |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

माथिको तालिकालाई अध्ययन गर्दा १५ देखि ३० सम्म अंक प्राप्त गर्ने विद्यार्थी जम्मा २० % रहेका छन् । ३० देखि ४५ को बीचमा अंक प्राप्त गर्न सफल २५ % विद्यार्थी रहेका छन् । ४५ देखि ६० सम्मको अंक प्राप्त गर्ने ३० % विद्यार्थी रहेका छन् । ६० देखि ८० अंक प्राप्त गर्ने विद्यार्थी १५ % रहेका छन् । ८० भन्दा माथि अंक प्राप्त गर्न सफल जम्मा ८० % विद्यार्थीहरु मात्र रहेका छन् । यसलाई हेर्दा के भन्न सकिन्छ भने शिक्षक , अभिभावक तथा विद्यार्थीको मेहनत अनुसार नतिजा नआउनुमा विभिन्न समस्याहरु रहेको अनुमान गर्न सकिन्छ ।

## ४.१० बालबालिकाको परिवारको प्रमुख पेशा

विद्यालयमा अध्ययन गर्ने बालबालिकामा अधिकांश अभिभावकहरु कृषि पेशामा संलग्न भएको देखिन्छ। अभिभावकहरु कृषि पेशामा संलग्न हुदाँ आफ्ना बालबालिकाहरुका लागि आवश्यक समय दिन नसकेको पाइन्छ रोजगारिमा संलग्न बालबालिकाको अभिभावकले बिहान बेलुकाको समय मिलाएर छोराछोरिको पढाइमा सघाएको देखिन्छ तर कृषि तथा पशुपालन व्यवसायमा संलग्न अभिभावकले चाहेर पनि आफ्ना बालबालिकाको पढाइमा आवश्यक समय दिएर सघाउन नपाएको देखिन्छ। बिहान बेलुकाको समय मिलाएर बालबालिकालाई पढाउने अभिभावकको बालबालिकाहरुले पढाइमा प्रगति गरेको पाइन्छ। अधिकांश कृषि पेशामा संलग्न अभिभावकहरु विद्यालयले गरेको अभिभावक तथा शिक्षक भेलामा उपस्थित हुन नसकेको देखिन्छ जसले गर्दा अभिभावकहरुले आफ्ना बालबालिकाहरुको साथीसंगत तथा पढाइका बारेमा समयमा नै जानकारी नपाएको देखिन्छ । बालिनालि लगाउने र थन्क्याउने समयमा बालबालिकाहरुले पनि अभिभावकहरुलाई सघाउनु पर्ने हुदाँ कहिंलेकाहिँ विद्यालय नगइकन खेतबारिमा काम गर्नुपर्ने बाध्यता पनि रहेको पाइन्छ । जसले गर्दा पनि अधिकाश कृषि पेशामा संलग्न अभिभावकहरुका बालबालिकाहरुले आशातित परिणाम प्राप्त गर्न नसकिरहेको पाइन्छ।

**तालिका ४.१०: बालबालिकाको परिवारको प्रमुख पेशा**

| किसिम | उत्तरदाता अभिावकको पेशा | | ४५% भन्दा कम अंक प्राप्त | | ४५% भन्दा बढि अंक प्राप्त | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | ६० जना | ६०% | ३६ जना | ६० % | २४ जना | ४० % |
| व्यापार | २५ जना | २५% | ५ जना | २० % | २० जना | ८० % |
| जागिर | १० जना | १० % | १ जना | १० % | ९ जना | ९०% |
| अन्य | ५ जना | ५ % | ३ जना | ६० % | २ जना | ४० % |

स्रोत : कार्यक्षेत्र अध्ययन २०७३

माथिको तालिकालाई अध्ययन गर्दा कृषि पेशा अपनाएका ६० प्रतिशत अभिभावकका बालबालिकाहरु मध्ये ३६ जनाले कम अंक अर्थात ४५ प्रतिशत भन्दा कम अंक ल्याउन सफल भएको देखिन्छ । साथै कृषि पेशा अपनाएका अभिभावकका

बालबालिकाहरु मध्ये २४ जनालेमात्र ४५ प्रतिशत भन्दा बढि अंक प्राप्त गर्न सफल भएको देखिन्छ । त्यस्तै व्यापारमा संलग्न २५ प्रतिशत अभिभावकहरुका बालबालिका मध्ये ५ जना २० प्रतिशतले कम अंक प्राप्त गरेको देखिन्छ । साथ साथै २० जना ८० प्रतिशत ले बढि अंक प्राप्त गरेको देखिन्छ । त्यस्तै जागिर खाने (शिक्षक, कर्मचारी, प्रहरी) अभिभावक बालबलिकाहरु मध्ये १ जना १० प्रतिशत ले मात्र कम अंक प्राप्त गरेको देखिन्छ भने ९० प्रतिशत बालबालिकाहरुले ४५ प्रतिशत भन्दा बढि अंक प्राप्त गर्न सफल भएको देखिन्छ । त्यस्तै अन्य पेशा व्यवसाय अपनाएका ५ प्रतिशत अभिभावकका बालबालिका मध्ये ३ जना ६० प्रतिशत कम अंक प्राप्त गरेको देखिन्छ भने २ जना ४० प्रतिशतले बढि अंक प्राप्त गर्न सफल भएको देखिन्छ ।

## ४.११ घरबाट विद्यालय पुग्न लाग्ने समय

विशेषगरि विद्यालयबाट घर र घरबाट विद्यालय जान आउन टाढा पर्ने विद्यार्थीहरुले पनि सिकाइमा सन्तोषजनक उपलब्धि हासिल गर्न नसकेको पाइन्छ हाम्रो देश नेपाल भौगोलिक हिसाबले हेर्दा हिमाल पहाड तराइ गरि तीन क्षेत्रमा विभाजित छ । हिमाली प्रदेशमा विकासको संभावन ज्यादै न्युन छ । हिमाली प्रदेशको तुलनामा पहाडी प्रदेशको केहि स्थानहरुमा विकासको पूर्वाधारहरु खडा भई यातायात स्वस्थ्य शिक्षा संचार तथा विद्युतको पहुँच प्राप्त गरि विकासमा निरन्तर अगाडि लम्किरहेको पाइन्छ । भने धेरैजसो पहाडी स्थान अझैपनि विकासमा पछि परेको पाइन्छ हिमाल पहाडको तुलनामा तराइमा विकासको पूर्वाधारहरु खुलेको पाइन्छ । आफ्नो अध्ययन क्षेत्र पहाडी क्षेत्रमा रहेको र कतिपय ग्रामिण इलाकामा घर भएका विद्यार्थीहरुको यातायातको राम्रो सुविधा नभएको हुदाँ विर्द्यीहरु नियमित १ घण्टा हिडेर विद्यालय आउन जान पर्ने देखिन्छ बजारमा घर भएका तथा डेरागरि बजारमा बस्ने बालबालिकाका अलवा अन्य बालबालिकाले विद्यालय आउन जानमा धेरै समय खर्च गर्नुपर्छ । नियमित पढ्ने मनोरञ्जन लिने समय हिडाइमा नै खर्चभएको देखिन्छ घरको काममा सघाउनुपर्ने विद्यालय आउँदा जाँदा एक डेढ घण्टा खर्च गर्नुपर्दा उनीहरुले पढाइमा पछिल्लो स्थान प्राप्त गरेको पाइयो विद्यालयबाट टाढा घरहुने विद्यार्थीले पढ्ने समय पर्याप्त नपाउनु थकाइ र भोकले आलस्य उत्पन्न गराएको पनि देखिन्छ ।

**तालिका ४.११: घरबाट विद्यालय पुग्न लाग्ने समय र औसत उपलब्धी**

| विद्यालय पुग्न लाग्ने समय | | | बढि अंक प्राप्त गर्ने | | कम अंक प्राप्त गर्ने | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १० देखि १५ मिनेट सम्म | २०जना | २०% | १६ जना | ८०% | ४ जना | २०% |
| १५ देखि ३० मिनेट सम्म | ४० जना | ४०% | २२ जना | ५५% | १८ जना | ४५% |
| ३० देखि ५० मिनेट सम्म | ३० जना | ३०% | १५ जना | ५०% | १५ जना | ५०% |
| ५० मिनेट भन्दा बढि | १० जना | १०% | १ जना | २०% | ८ जना | ८०% |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७३

माथिको तालिकालाई अध्ययन गर्दा घरबाट विद्यालय सम्म पुग्न दैनिक १ घण्टा हिडनुपर्ने विद्यार्थीले आउँदाजाँदा गरेर दैनिक दुइ घण्टासमय हिडंनुपर्ने देखिन्छ यसरी दैनिक दुइघण्टा बाटोमा नै खर्च गर्नुपर्ने विद्यार्थीले भन्दा बजारमा घर भएका तथा विद्यालय नजिक डेरा गरि बस्ने विद्यार्थीले पढाइमा प्रगति गरेको पाइन्छ। जसमा २० प्रतिशत विद्यार्थीले मात्र दैनिक १५ मिनेटमा घर पुगेर खाजा खाने र मनोरञ्जन गर्ने समय पाएको देखिन्छ। दैनिक १ घण्टा हिडेर विद्यालय पुग्नुपर्ने विद्यार्थीले दिनको दुइघण्टा बाटोमा नै खर्च गर्नुपर्ने हुदाँ समयमा खाजा खाने, गृहकार्य गर्ने तथा मनोरञ्जन गर्न पर्याप्त समय नपाएको देखिन्छ। घरटाढा हुने तथा उकालो ओरालो त्यसमा पनि बाबाआमाले कृषि तथा पशुपालन व्यवसाय अपनाएका कारण उनीहरुले पनि केहि समय घरको काममा दिनुपर्ने हुदाँ घरको कामको भारका साथै दैनिक दुइ घण्टा हिडेंर विद्यालय आउनजान पर्ने बाध्यता अनेक कारणहरुले गर्दा विद्यालयबाट टाढा घर हुने विद्यार्थीले पढाइमा सन्तोषजनक प्रगति गर्न नसकेको देखिन्छ।

**वैयक्तिक अध्ययन २**

| |
|---|
| मेरो नाम विश्राम राना हो मेरो घर आँबु गाउँपालिका रानागाउँमा पर्छ म ५ कक्षा देखि १० कक्षासम्म यस विद्यालयमा अध्ययनरत छु । हाल हाम्रो घरमा बाजे बज्यै आमा बाबा भाइ र म गरि छ जना सँगै बस्छौं मेरा बाबा आमा खेतबारिमा काम गर्नुहुन्छ । साथै बाखा र बंगुर पनि पाल्नुभएको छ । बाजे बज्यै बुढो हुनुभएकाले काम गर्न सक्नुहुदैंन तर बाजे साझपरेपछि रक्सि खाएर उल्टै बेलुका बाबा र आमासँग झगडा पनि गर्नुहुन्छ । मैले सर्वप्रथम अकंअक्षर सुर्योदय प्रा.वि.का शिक्षक, शिक्षिकाबाटै चिनेको हुँ । किनकि मेरी आमा निरक्षर हुनुहुन्छ साथै बाबा साक्षर भएपनि मलाई अकं अक्षर चिनाउन भ्याउनुभएन बाबाआमा दुवैजना कृषि तथा पशुपालनमा व्यस्त भएर होला विद्यालयमा वर्षमा जम्मा दुइपटक उपस्थित हुनुहुन्छ । मेरो पढाइका बारेमा विद्यालयमा गएर छलफल गर्ने शिक्षक शिक्षिकासँग बुझने काम कहिल्यै हुँदैन शायद विद्यालयबाट हाम्रो घर एक डेढ घण्टाको दुरिमा पर्ने भएकाले पनि होला । बिहान दैनिक ५० मिनेटको ओरालो झर्नुपर्छ भने बेलुका १ घण्टा ३० मिनेटका उकालो उक्लेर मात्र घर पुगिन्छ । घरमा पुगेपछि बाखा तथा बंगुरको धन्दा करिब १ घण्टा गर्नुपर्छ । त्यसैले होला मैले गर्नुपर्ने नियमित गृहकार्य पनि समयमा गर्न भ्याउँदिन साथै असजिला गृहकार्य घरमा सोध्नलाई पनि पाउँदिन , त्यसैले असजिला गृहकार्य साथीको सार्ने गर्छु । मलाई पढाइमा राम्रो प्रगति गरेर शिक्षक बन्नेरहर छ तर घरको आर्थिक, सामाजिक अवस्थाले गर्दा मैले पढाइमा चित्तबुझदो स्थान हासिल गर्न पाएको छैन । |

## ४.१२ अध्ययन गरिएका बालबालिकाहरुको लैङिगक र जातिगत अवस्था

विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु विभिन्न समुदायबाट आएको पाइन्छ । यस अध्ययन क्षेत्रमा क्षेत्रि समुदायको बाहुल्यता बढि भएको हुनाले क्षेत्रि समुदायबाट आएका बालबालिकाको संख्या बढि रहेको छ ।

तालिका ४.१२: बालबालिकाहरुको लैङ्गिक र जातिगत विवरण

| जातजाति | छात्रा | छात्र | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| क्षेत्री | २३ | १२ | ३५ | ३५% |
| ब्राम्हण | १६ | ३ | १९ | १९ % |
| जनजाति | १४ | १५ | २९ | २९% |
| दलित | १० | ७ | १७ | १७ % |
| जम्मा | ६३ | ३७ | १०० | १०० % |

स्रोत : स्थालगत अवलोकन, २०७३ ।

लैङ्गिक आधारमा विश्लेषण गर्दा सबैभन्दा बढि लैङिक विभेद ब्राहम्ण क्षेत्रि त्यसपछि दलित समुदायमा रहेको तथयाकंले देखाउँछ जनजाति समुदायमा लैङिगक विभेद नभएको पाइन्छ किनकी प्राइभेट बोडिङ स्कूलमा छोरालाई र छोरिलाई सामूदायिक विद्यालयमा ब्राहम्ण, क्षेत्री, दलित परिवारले भर्न गरेको पाइन्छ भने जनजाति परिवारले छोरा र छोरीलाई समान विद्यालय भर्ना गरको देखिन्छ । विद्यार्थीहरुको शैक्षिक उपलब्धि मूल्याकंन गर्दा कुनै कक्षामा उत्कृष्ट विद्यार्थीहरुमा केटिहरुको बाहूल्यता छ र कुनै कक्षामा केटाहरुको बाहुल्यता छ जनजाति र दलित बालबालिकाहरु पनि उत्कृष्ट विद्यार्थीहरुमा पर्दछन् तसर्थ जातजाति र लिगंका कारणले विद्यार्थीको पढाइमा कुनै असर नपर्ने देखिन्छ विद्यार्थीहरुको सिकाइ  उपलब्धि मूलक हुने नहुने कुरा उसको पारिवारिक वातावरणमा निर्भर रहने भन्ने कुरा प्रमाणित हुन्छ ।

## ४.१३ अध्ययन गरिएका बालबालिकाको परिवारको किसिम

यस क्षेत्रमा पनि नेपालका अन्य क्षेत्रको जस्तै दुई प्रकारका परिवारहरु रहेको पाइन्छ । यस क्षेत्रमा संयुक्त परिवार भन्दा एकल परिवारको संख्या धेरै रहेको देखियो । यसरी रहेका एकल र संयुक्त परिवारको संख्यालाई निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका ४.१३: उत्तरदाताको परिवारको किसिम**

| किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | ८० | ८० |
| संयुक्त | २० | २० |
| जम्मा | १०० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१३ लाई हेर्दा अध्ययन क्षेत्रभित्र एकल परिवारको संख्या धेरै ८० प्रतिशत रहेको पाइन्छ । बाबा, आमा दाजुभाई, काका काकी हजुरबाबा हजुरआमा सँग संयुक्त रुपमा बस्ने परिवारको संख्या अत्यन्त थोरै २० प्रतिशत मात्र रहेको देखिन्छ । बालबालिकाहरु एकल परिवारमा भन्दा संयुक्त परिवारमा रमाउने भएतापनि विभिन्न पेशा, व्यवसाय र परिस्थितिले गर्दा एकल परिवारमा बस्ने गरेको पाइन्छ ।

## ४.१४ बालबालिकाहरुको उपचार गराउने तरिका तथा बिरामी अवस्थामा हेरचाहको स्थिति

बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा परिवारको महत्वपूर्ण भुमिका रहने गर्दछ । समाजमा शिक्षाको व्यापक प्रभाव फैलंदा बालबालिकाले स्वास्थ्यमा अनुकुल बातावरण प्राप्त गरेको पाइन्छ । आमाबाबा, काका काकी, आदिमा आएको शिक्षाको चेतानाले गर्दा नेपाली समाजमा पुरानो रुढिवादी धारणा हटेर शिक्षाको नयाँ आयाम फैलिएको छ । पहिला पहिला बालबालिका बिरामि पर्दा धामि झाँक्रिकहाँ जाने चलन थियो तर अहिले शिक्षाको नयाँ आयामले गर्दा बालबालिका बिरामी पर्ने बित्तिकै डाक्टरकहाँ लैजाने चेतना बढेको छ । साथै नगन्य मात्रामा कुनै कुनै परिवारले मात्र बिरामी बालबालिकाहरुलाई धामि झाँक्रि कहाँ जन्तर लगाउन फुकफाक गर्ने लगेको देखिन्छ ।

**तालिका ४.१४ : बिरामी बालबालिकाको उपचार गराउने तरिका**

| किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| धामि झाक्री | १५ | १५ |
| अस्पताल | ८५ | ८५ |
| जम्मा | १०० | १००% |

स्रोत : स्थालगत सर्वेक्षण २०७३

माथिको तालिका अध्ययन गर्दा बालबालिका विरामी पर्दा अस्पताल लैजाने परिवारको संख्या धेरै ८५ प्रतिशत रहेको पाइयो । साथै बालकालिका बिरामी पर्दा डाक्टरकहाँ लैजाने अभिभावकको संख्या १५ प्रतिशत रहेको पाइयो । यस तालिकाबाट बालबालिकाको स्वास्थ्यमा  विशेष ख्याल गरेको देखिन्छ । बालबालिकाहरु विरामी पर्दा घरपरिवारमा विशेष गरी आमाले रेख देख बढि गरेको पाइयो साथै शिक्षित र सचेत परिवारले बालबालिकाको स्वास्थ्यलाई महत्वका साथ हेरेको  पाइयो ।

# अध्याय : पाँच

## अभिभावकको भूमिकाले विद्यार्थीको सामाजिकीकरणमा पारेको प्रभाव

समाजको सबैभन्दा सानो एकाइ परिवार हो कुनै पनि बालबालिका परिवारमा जन्मन्छ हुर्कन्छ र व्यवहार निर्माण गर्दछ । बालकले जीवन उपयोगि आधारभूत कुराहरु पनि परिवार बाटै सिक्दछ । त्यसैले परिवारलाई सामाजिकीकरणको अति महत्वर्पूण एकाइ मानिन्छ । बालकको वस्तु तथा जीवनप्रतिको धारण घरपरिवारले निर्माण गरेको धारण तथा दृष्टिकोणमा आधारित हुन्छ ।

बालबालिकाको सिकाइ वातावरण निमार्णमा अभिभावकको गहन भूमिका रहन्छ । बालबालिका जन्मेको अवस्थादेखि मृत्युसम्मका विभिन्न क्षणहरुमा घरपरिवारबाटै बालबालिकाहरुले विभिन्न कुराहरु सिक्छन् । बालबालिकाका लागि घरपरिवार नै प्रथम र आवश्यक पाठशाला मानिन्छ बालकको आधारभुत चरित्रको निर्माण र बालकको विकास सर्वप्रथम घरपरिवारबाट नै सुरु हुन्छ बालबालिकाको रेखदेख,सुरक्षा,अनुशाासन माया प्रेम दया सद्भाव, सहानुभूति र अन्य सिकाइको मूल आधार घरपरिवार हो । त्यसैले बालबालिकाको भविष्य उज्वल बनाउनको लागि अभिभावकको महत्वपूर्ण भूमिका रहने कुरामा कुनै दुइ मत छैन ।

बालबालिकाको सिकाइ वातावरणको लागि आवश्यक व्यवस्थापन योजना निर्माण र कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । शिक्षक विद्यार्थीको साथसाथै अभिभावकको आचार सहिंतासम्बन्धि राज्यतर्फका सरोकालवालाहरुको अनुगमन गर्नुपर्ने देखिन्छ । विद्यालय प्रशासकले अभिभावकहरुलाई भेटि उनीहरुका बालबालिकाको बारेमा आपसि सरसल्लाह गर्नुपर्ने देखिन्छ अथवा समय समयमा शिक्षक अभिभावक छलफल कार्यक्रमको योजना निर्माण गर्नुपर्ने देखिन्छ । बालबालिकाको उचित शिक्षा नै सबैभन्दा ठूलो प्राप्ति हो भन्ने अभिभावकको बुझाइ रहयो साथै आफन बालबालिकालाई शिक्षाको बारेमा उचित मार्ग निर्देशन गरेर शिक्षातर्फ उनिहरुको ध्यान आकृष्ट गर्न सकेमा बालबालिकाको पढाइमा राम्रो सुधार आउने देखिन्छ ।

शिक्षित र सचेत अभिभावकले आफ्ना बालबालिकाहरुलाई सानैदेखि पढाइतर्फ आकर्षित गर्न सफल भएको देखिन्छ । बालक परिवारमा जन्मन्छ,हुर्कन्छ बढ्छ अनि पढ्छ

त्यसैले परिवारलाई सामाजिकीकरणको अति महत्वपूर्ण एकाई मानिन्छ । बालकको बोलि व्यवहार आचरण आदिलाई परिवारको सदस्यहरुको बानी व्यवहारले प्रत्यक्ष पारिरहेको हुन्छ । आमाबाबुबाट बालबालिकाहरुले सुरक्षा र खुशिको अनुभुति प्राप्त गर्दछन् । आमाबाबुबाट उचित मायाममता हौसला प्राप्त गरेका बालबालिकाहरु हसिला र फूर्तिला पनि देखिन्छन् । बालबालिकाहरुलाई अनुशाषित बनाउन शिक्षामा प्रेरित गर्न बाबुआमाको प्रत्यक्ष प्रभाव रहन्छ विद्यालयमा पठाएर मात्र आफ्नो दायित्व पुरा भएको ठान्ने अभिभावकको बालबालिकाले खासै पढाइमा प्रगति गर्न सकेको पाइदैन ।

बालबालिकालाई पढ्न लेख्नमा चाहिने शैक्षिक सामाग्रिहरु समयमा नै किनिदिने,विद्यालयमा बुझाउनुपर्ने शुल्क समयमा नै बुझाउने र झोला जुत्ता आदिको व्यवस्था राम्रोसँग पुरा गरिदिने अभिभावकका बालबालिका पढाइमा पनि अगाडि रहेको पाइयो । साथै घरको सामाजिक आर्थिक अवस्था मजबुत भएका परिवारको बोलिमा अनुशाषन र बालबालिकाको असल आचरण निर्माण गर्नमा पनि सफल भएको देखिन्छ । बालबालिकाले धेरै कुराहरु सर्वप्रथम परिवारबाट नै सिक्दछ अनि साथी समूह र समाजबाट सिक्दछ । आफ्नो घरपरिवारमा सबैभन्दा धेरैसमय आमाबाबुसँग बिताउँछ, अनि हजुरबा, हजुरआमा, काका, काकि, दाजुभाइ, दिदिबहिनीसँग समय बिताउँदै धेरै कुरा सिक्दै उ समाजमा पूर्णरुपमा समायोजन हुन पुग्दछ ।

घरपरिवारको नम्र बोलि व्यवहारले बालकको बोलि पनि नम्र मिलनसार हुन्छ घरपरिवार नै बालबालिकाको पहिलो पाठशाला र बाबुआमा नै पहिलो शिक्षक शिक्षिका भएको हुदाँ बालबालिकाको अनुशाषित आचरण निर्माण गर्नमा र पढाइमा प्रगति गर्न घरपरिवारको धेरै महत्वपूर्ण भूमिका रहने गर्दछ । घरपरिवारको सदस्यहरुबाट निर्वाह गरिने भुमिका तयार गरिने वातावरण दिइने व्यवहारिक ज्ञान सीप र मार्गनिर्देशनले नै बालबालिकाको पढाइमा सकारात्मक वा नकरात्मक प्रभाव पार्दछ ।

प्रत्येक अभिभावकले आफ्ना बालबालिकालाई विद्यालयमा पठाएर मात्र आफ्नो दायित्व पुरा भएको सोच्नु गलत हुन्छ अभिभावकले आफ्ना बालबालिकाको उमेरअनुसार व्यवहारमा आउने परिवर्तन सगँ अभिभावकले आफ्नो व्यवहारमा पनि परिवर्तन गर्दै जानुपर्छ । अभिभावकले आफ्ना बालबालिका पढ्ने विद्यालयमा नियमित रपमा विद्यालयमा उपस्थित भई आफ्ना बालबालिकाको पढाई, लेखाई बानी व्यवहार आदिबारे जानकारी

राख्नुपर्छ । जसले गर्दा बालबालिका तथा अभिभावकले बेलैमा आफ्नो कमजोरि पत्ता लगाएर समयमा नै सुधार गर्ने मौका पाउँदछन् बालबालिकाको कम उमेर र साथीको लहैलहैमा लागेर कुमार्गमा लाग्न सक्छन् त्यसबाट जोगाउन बालबालिकालाई सुमार्गमा लगाउन अभिभावकको सबैभन्दा बलियो हात रहन्छ । बालबालिकाको उज्जवल भविष्यका लाीग अभिभावकले हरपल हरक्षण आफ्ना बालबालिकाको निगरानी राख्नु जरुरि देखिन्छ जसले आफ्ना बालबालिकाको आवश्यकता र चाहनाको उच्च मूल्य दिएर पुरा गर्दछन् । तिनै बालबालिकाको असल आचरण निर्माण भएको पाइन्छ ।

## ५.१ शिक्षाको महत्वका बारेमा अभिभावकको बुझाई

शिक्षा सबैभन्दा महत्वपूर्ण वस्तु वा ज्ञान हो जसले मनिसलाई विवेकशील, समझदार सहयोगि बनाउँदछ विद्यालयमा पनि अंग्रजी माध्यममा पढाइ हुनेहुँदा अभिभावकहरु सामुदायिक विद्यालयमा थप आकर्षित भएको देखिन्छ । विद्यालयमा बुझाउनुपर्ने शुल्क बेलैमा बुझाएर समयमा नै बालबालिकालाई विद्यालयमा पठाएर मात्रै अभिभावकको दायित्व पुरा हुदैंन । धेरै अभिभावकहरु आफू साक्षरमात्र भएकाले बालबालिकाको पढाइमा सिकाउन सहयोग गर्न आफूले नसकेको र उनीहरुलाई पढ्नको लागि आवश्यक सामाग्रि किनिदिने र घरमा पढ्नको लागि उचित वातावरणनिर्माण गरेको पाइन्छ । जुन अभिभावकले आफ्ना बालबालिकाको पढाई लेखाइका लागि उचित वातावरण निर्माण गरि हौसला, प्रेरणा प्रोत्साहन प्रदान गर्न सफल हुन्छन् । तिनै अभिभावकका बालबालिका शिक्षामा अगाडि रहेका देखिन्छन् । आफ्ना बालबालिकाको पढाइमा शिक्षक, शिक्षिकाको मात्र हात रहन्छ । विद्यालयमा मासिक शुल्क बुझाएपछि जसरी पनि आफ्ना बालबालिकालाई शिक्षक शिक्षिकाले पढाइमा अब्बल बनाइदिनुपर्दछ भन्ने मान्यता राख्ने अभिभावकले बालबालिकाको थप आवश्यकता र चाहनाको ख्याल नगरेको पाइन्छ

बालबालिकाको समुन्नत भविष्यका लागि शिक्षाको बहुआयमिक फाइदाका बारेमा बालबालिकालाई अभिभावकले बेलैमा बुझाउन सक्नुपर्दछ । रोजगारिको लागि मात्र शिक्षा प्राप्त गर्नुपर्छ भन्ने आम अभिभावकको बुझाइले पनि बालबालिकाको शिक्षामा भन्दा छिटो पैसा कमाउने तिर ध्यान पुग्दा बिचैमा पढ्न छोडेर कतिपय बालबालिकाहरु अन्य पेसा तथा व्यवसायमा संलग्न भएको पनि पाइएको छ । समाजमा इज्जत मान प्रतिष्ठा बढाउन समझदार अनुशासित बन्न देशप्रेमि तथा विश्वमा आफ्नो नेपाल आमाको इज्जत गौरवगाथा

बढाउन शिक्षा हासिल गर्नुपर्छ भन्ने कुरा आमाबाबु तथा शिक्षकशिक्षिकाले समयमा नै विद्यार्थीहरुलाई बुझाउन सके सच्चा देशभक्त, स्वाबलम्बि नागरिक उत्पादन गरि राष्ट्रलाई महत्वपूर्ण योगदान पुरयाउन सकिन्छ ।

**तालिका ५.१: शिक्षाको महत्वको बारेमा अभिभावकको बुझाई**

| | | |
|---|---|---|
| रोजगारको लागि शिक्षा | ४० जना | ४० |
| व्यक्तिको चौतर्फी विकासको लागि शिक्षा | ६० जना | ६० |
| जम्मा | १०० जना | १०० प्रतिशत |

स्रोतः स्थलगत अवलोकन, २०७३

माथिको तालिका अनुसार ४० प्रतिशत अभिभावकहरुको शिक्षाको महत्वका बारेमा बुझाइ संकुचित रहेको पाइन्छ । यो अभिभावक आफैमा शिक्षित नहुनुको परिणाम हो । शिक्षाको बहुआयामिक महत्वका विषयमा जानकारि नहुनु हाम्रा अभिभावकको ठुलो विडम्बना हो । शिक्षाले रोजगारी मात्र प्रदान नगरि व्यक्तिको व्यत्तित्वमा विकास गराउँछ समाजमा समझदार हुन सिकाउँदछ शिक्षित व्यत्ति शिक्षित आमाबाबु शिक्षित परिवार शिक्षित समाज हुदैं शिक्षित समृद्धशाली देश बनाउँछ । शिक्षित समाज समुन्नत देश बनाउनका लागि पनि शिक्षाको जरुरत पर्दछ । शिक्षाको बारेमा रोजगारिमा मात्र भन्ने बुझेका अभिभावकले आफ्ना बालबालिकाको पढाइमा उचित वातावरण निर्माण गर्न नसकेको देखिन्छ । सम्पूर्ण अभिभावक मध्ये ६० प्रतिशत अभिभावकले भने शिक्षाको महत्वका बारेमा बुझेको पाइयो । शिक्षाको महत्वका बारेमा बुझेका अभिभावकले समयमा नै बालबालिकालाई शिक्षाको बहुआयामिक महत्वका बारेमा बुझाउन सफल भएको देखिन्छ ।

## ५.२ अभिभावकहरुको छोराछोरिको पढाइप्रतिको धारणा तथा गल्ति गर्दा सम्झाउने तरिका

बालबालिकाको प्रथम पाठशाला घर हो सर्वप्रथम बालबालिकालाई शिष्ट र सभ्य अनुषाशित बनाउन घरपरिवारको ठूलो हात रहन्छ बालबालिकालाई सभ्य बोल भनेर मात्र बालबालिका सभ्य र शिष्ट हुन सक्दैनन् किनकि बालबालिकाले घरपरिवारको सदस्यहरुबाट जे जस्तो व्यवहार गरेको पाउँछ त्यसैअनुसार उसका व्यवहारहरु निर्माण हुदैं जान्छ तसर्थ बालकलाई सभ्य र अनुशाषित बनाउन घरपरिवारका सदस्यहरुले आफ्नो व्यवहार सभ्य र

अनुशाषित बनाउन जरुरी हुन्छ घरमा अनुषाशित व्यवहार गर्ने अभिभावकका बालबालिका विद्यालयमा पनि अनुशाषित व्यवहार देखाउछन् तर जसका अभिभावकले आफै अनुशासनमा रहन सक्दैनन् उनीहरुका बालबालिकाहरु पनि अनुशाषित व्यवहारको अभावमा असभ्य र अटेरि भएको पाइयो ।

## ५.३ अभिभावक र शिक्षक शिक्षिका बिचको छलफल

विद्यार्थीहरुको सिकाइ कार्यलाई उपलब्धिमुलक बनाउन शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्धको आवश्यकता पर्दछ । अभिभावक र शिक्षक शिक्षिकाको भेटघाट र विद्यार्थीको पढाइको बारेमा सोधखोज गर्दा विद्यार्थीको पढाइमा सकरात्मक प्रभाव पार्दछ र सबै अभिभावकले आफ्ना बालबालिकाको पढाइ तथा साथीसंगत तथा बानीव्यवहारका बारेमा समयसमयमा विद्यालयमा उपस्थित भई शिक्षक शिक्षिकासगँ सोधपुछ गरेका बालबालिकाको पढाइ राम्रो हुनेमा कुनैदुई मत रहदैंन तर हाम्रा धेरैजसो अभिभावकले बालबालिकाको पढाइका सम्बन्धमा विद्यालयमा उपस्थित भई  सल्लाह सुझाव लिनेदिने काम कमै गरेको पाइन्छ । बालबालिकाको पढाइ अग्रस्थानमा आउने अभिभावकले आफ्नै मात्र कारणले बालबालिकाले शिक्षामा अग्रस्थान हासिल गरेको भन्ने गरेको पाइन्छ भने जुन अभिभावकको बालबालिकाले शिक्षामा राम्रो स्थान हासिल गर्दैनन् विषय लाग्छ उनीहरुका अभिभावकले शिक्षकशिक्षिकाले पढाउँदै नपढाएको गुनासो गर्दछन् । यसरी बालबालिकाको शिक्षामा अगाडिपछाडि स्थान प्राप्त गर्नुमा शिक्षक र अभिभावक विचको छलफल कार्यक्रमले व्यापक प्रभाव पार्दछ ।

**तालिका ५.३: उत्तरदाता अभिभावकको विद्यालयमा उपस्थिति र शिक्षक शिक्षिका सँग छलफल**

| किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| विद्यालयमा नतिजा प्रकाशन गर्ने दिनमा मात्र उपस्थित हुने अभिभावक | ५५ जना | ५५% |
| विद्यालयमा वर्षको दुई पटक मात्र उपस्थित हुने अभिभावक(वर्षको शुरुमा भर्ना /अन्तिम नतिजा प्रकाशन गर्दा) | २५ जना | २५% |
| विद्यालयमा नियमित सम्पर्क राख्ने अभिभावक | २० जना | २०% |
| जम्मा | १०० जना | १००% |

स्रोत: स्थलगत अवलोकन, २०७३

माथिको तालिका अध्ययन गर्दा २० प्रतिशत अभिभावकले मात्र आफ्नो छोरा वा छोरिको विषयमा बढि चासो राखि विद्यालयमा नियमित रुपमा उपस्थित भइ शिक्षक शिक्षिकाहरुसँग पढाइका विषयमा परामर्श तथा छलफल गरेको पाइन्छ । ५५ जना अर्थात् ५५ प्रतिशतले अभिभावकले विद्यालयबाट सञ्चालन गरिने गरेको नियमित मूल्यांकन परिक्षाको परिक्षाफल प्रकाशन गर्ने दिनहरुमा अर्थात् जम्मा तीनपटक मात्र विद्यालयमा उपस्थितहुनुहुन्छ । तर २५ जना अर्थात् २५ प्रतिशत अभिभावकहरु भने वर्षको दुइपटकभन्दा बढि विद्यालयमा उपस्थित हुनु हुदैंन यस्ता अभिभावकका बालबालिकाको कक्षामा पछिल्लो स्थान रहेको पाइयो जसका अभिभावकले आफ्ना छोरा वा छोरिको पढाइका विषयमा जति बढि चासो दिन्छन् शिक्षक शिक्षिकाहरुसँग समयसमयमा विभिन्न माध्यमद्धारा सम्पर्कगरि आफ्नो बालबालिकाको पढाइका विषयमा छलफल तथा सल्लाह गर्छन् तिनै अभिभावकका बालबालिकाहरुले नै पढाइमा बढि प्रगति हासिल गर्न सफल भएको देखिन्छ किनभने अभिभावक र शिक्षक शिक्षिकाबिच भएको छलफलबाट विद्यार्थीका कमजोरि र समस्याहरुलाई समस्याहरुबाट समाधान गरि शिक्षण सिकाइलाई सफल पार्न सकिन्छ ।

## वैयक्तिक अध्ययन ३

मेरो नाम अनमोल के.सि.हो । हजुरबा हजुरआमा बाबा आमा दिदि र म गरी हाम्रो परिवारमा छ जना सदस्य छौं । हाम्रो परिवार शिक्षित परिवारमा पर्दछ । हजुरबाबाले स्नातकसम्मको अध्ययन गरि यसै विद्यालयमा प्र.अ. हुनुभएको थियो साथ हजुरआमा पनि शिक्षित भएर गाउँमा पौढशिक्षा कक्षा सञ्चालन गेरर धेरै महिलाहरुलाई साक्षर बनाउनुभएको छ । साथै मेरा बाबाआमा दुवै उच्च शिक्षा हासिल गरि यसै विद्यालयमा शिक्षक हुनुहुन्छ । मैले क, ख, ग, १, २, ३ आदि साँवा अक्षर हजुरबा हजुरआमाबाट सिकेको हुँ । मलाई मेहनत गरेर पढ्नुपर्छ, आजको समयमा अल्छि गरियो भने सदैव पछुताउनु पर्दछ । विद्यार्थी जीवन भनेको सबैभन्दा मेहनती उमेर हो शिक्षा आर्जन गरि अनुशासित र सुखि जीवन बिताउनु पर्दछ । शिक्षाले नै मानिसको जीवनमा खुशि र उमंग भर्दछ भन्दै सधैं मेहनत गरेर पढ्न हजुरआमा हजुरबाले सम्झाइरहनु हुन्छ । मेरो पढाइका बारेमा सबै शिक्षकशिक्षिका हरु सगँ बाबाआमाले सबै विषयमा कत्तिको ध्यान दिन्छ भनि चासो राख्नुहुन्छ । कक्षामा लिइने कक्षागत जाँचहरुमा मैले राम्रो गर्दा बाबाआमाले मलाई खुशि भइ विभिन्न खेलकुदका सामाग्रिहरु किनिदिनुहुन्छ, साथै विभिन्न उपहारहरु पनि किनिदिनुहुन्छ । मेरो पढाइका विषयमा हजुरबाबाले विषेश चासो दिएर शिक्षक शिक्षिका हरु सगँ छलफल गर्नुहुन्छ । मेरो पढाइ राम्रो छ म सधै आफनो कक्षाको प्रथम स्थान ओगट्न सफल भएको छु । मेरो भविष्यमा कृषि विषय अध्ययन गरेर वरिष्ठ कृषि विशेषज्ञ बन्ने इच्छा छ । घरपरिवारको शिक्षित वातावरण, आर्थिक सामाजिक वातावरण राम्रो भएको हुनाले होला म आफैलाई अत्यन्त भाग्यमानि ठान्दछु मेरो पढाइ, खेलकुद साथै मनोरञ्जनमा परिवारले अत्यन्त ख्याल गर्नुहुन्छ । म पढाइका साथै अन्य विद्यालयले आयोजना गरेको विभिन्न कार्यक्रमहरुमा सधैं सहभागि भएर पुरस्कार जित्न सफल भएको छु ।

## ५.४ विद्यार्थीको पढाइमा प्रेरणा जगाउने खालका क्रियाकलापहरु

कुनै पनि विद्यार्थीलाई पढाइमा राम्रो प्रगति गर्न उनीहरुका अभिभावक तथा घरपरिवारले दिने प्रेरणामा भरपर्दछ । प्रेरणालाई अंग्रजिमा Motivation भनिन्छ यो ल्याटिन भाषको Movere शब्दबाट लिइएको हो जसको अर्थ संचालन गर्नु भन्ने बुझिन्छ अर्थात्

कुनैपनि कार्य वा विषयवस्तुसँग संचालन गर्न प्रेरित गर्नुलाई प्रेरणा भनिन्छ विभिन्न व्यत्तिका आफ्ना आफ्ना बौद्धिक स्तर क्षमता इच्छा र अभिरुचिहरु हुने गर्दछन् व्यक्तिले समाजमा विद्यालयमा बस्दा विभिन्न किसिमका वातावरणहरु प्राप्त गर्दछ यस्ता विविध वातावरण अनुसार व्यत्तिले आफ्नो जीवनको उदेश्य र आकांक्षहरु निधारण गर्दछ । बालबालिकाहरुमा जाँगर भर्नका लागि विषयवस्तुको फाइदा बेफाइदाका बारेमा बालकबालिकालाई जानकारि गराउनु पर्दछ । बालबालिकालाई सिकाइप्रति जागरुक बनाउन उनीहरुले गरेका राम्रा काम कुराहरुलाई प्रोत्साहन दिने राम्रो अक्षर बनाउँदा स्याबासि दिने केहि उपहारहरु दिने, घुमाउन लैजाने छोटाछोटा साना रमाइला खालका कथाहरु भन्ने आदि गरेमा बालबालिकाहरु सिकाइप्रति जागरुक हुन्छन् । बालबालिकाहरुलाई सिकाइमा सफल बनाउन शिक्षक तथा अभिभावकले प्रेरणा जगाउने खालका व्यवहारहरु गराउनुपर्दछ । बालबालिकाहरुलाई आन्तरिक रुपमा उत्प्रेरित गर्न सकेमा सिकाइ सफल हुन्छ ।

**तालिका ५.४: अभिभावकहरुले बालबालिकाहरुलाई सिकाइ कार्यमा प्रेरित गर्ने तरिका**

| | संख्या | प्रतिशत |
|---|---|---|
| बालबालिकालाई विभिन्न उपहारहरु दिने तथा घुम्न लैजाने गरि प्रेरणा जगाउने अभिभावक | ४० जना | ४०% |
| बालबालिकालाई हप्काउने सम्झाउने गरेर प्रेरणा जगाउने अभिभावक | ६० जना | ६०% |
| जम्मा | १०० | १०० % |

स्रोत : कार्यक्षेत्र अध्ययन, २०७३

अध्ययन गरिएका विद्यार्थीका अभिभावकहरु मध्ये ४० प्रतिशतले मात्र आफनो बालबालिकालाई पढाइप्रति रुचि जगाउन सम्झाइबुझाइ आदि गरेको पाइयो । आफ्ना बालबालिकाहरुको राम्र कामहरुको तारिफ गर्ने अभिभावकका बालबालिकाले पढाइमा प्रगति गरेको पाइयो साथै उनीहरुमा अरुको भावनाको कदर गर्ने तथा आत्मविश्वाश बलियो भएको पाइयो । तर बालबालिकालाई हप्काउने तथा पिटेर गालि गरेर सम्झाउने अभिभावकका बालबालिकाहरुमा आत्मविश्वासमा कमि देखियो । साथै छिटोछिटो बिर्सने , रुन्चे स्वभाव र उद्दण्ड व्यवहारका भएको पाइयो ।

## वैयक्तिक अध्ययन ४

मेरो नाम  बिन्दा बि.सि. हो मेरो घर बन्दिपुर गाउँपालिका वडा नं ५ मा पर्दछ। म श्री मित्रता माध्यमिक विद्यालयमा पढ्छु हाम्रो घरमा बाबा आमा दिदि र म गरि चारजना छौं। घरबाट विद्यालय पुग्न दैनिक ३० मिनेटको ओरालो झर्नुपर्दछ त्यसपछि आँधिखोला देखि विद्यालयसम्म १५ मिनेटमा विद्यालय पुग्छु मेरि आमा कृषि पेशामा संलग्न हुनुहुन्छ आमाले कक्षा ४ सम्म अध्ययन गर्नुभएको छ आमा- बाबाले विशेष परिस्थितिले गर्दा पढ्न नपाएकोमा हामी दुइ छोरिहरुलाई राम्रो पढाएर सरकारि जागिरे बनाउने इच्छा राख्नुभएको छ तर बाबाको जागिर नहुनु र बाबाआमादुवै कृषि पेशामा संलग्न हुनुले गर्दा विद्यालयले राखेको शिक्षक अभिभावक छलफल कार्यक्रममा सहभागि हुन कमै पाउनुहुन्छ। साथै बाबा आमालाई हामिले विद्यालय बिदाको समयमा काममा पनि सघाउने गर्दछौं बाबा आमाको न्यानो माया र हौसलाले गर्दा होला हामी दुवै दिदिबहिनीले  पढाइमा राम्रै स्थान ओगट्न सफल भएका छौ। कक्षामा म सधैं  दशौं देखि पन्धौं स्थानमा परिरहन्छु। मेरो पढाइमा अझ बढि प्रगति गर्न बाबाआमाले मलाई अहिले अतिरिक्त कक्षाको व्यवस्था पनि गरिदिनुभएको छ। अब मैले यसपालि अझ मेहनतका साथ पढेर पाँचौ देखि दशौं स्थान ओगट्न सफल हुनेछु भन्ने विश्वास लिएकि छु। मैले उच्च शिक्षा हासिल गरेर बाबाआमा साथै देशको मुहार हसाउने लक्ष्य लिएकी छु।

# अध्याय : छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश

बालबालिकाको शिक्षा प्रक्रियामा अभिभावकको भुमिका अन्तर्गत यस शोधपत्रमा अभिभावकको भुमिका पेशा तथा व्यवसाय घरपरिवार रहेको स्थान आदिले बालबालिकाको शिक्षामा के कस्तो असर पारिरहेको हुन्छ भन्ने विषयमा अध्ययन अनुसन्धान गरि सत्यतथ्य पत्ता लगाउने कोशिस गरिएको छ शिक्षक शिक्षिका र अभिभावकहरुले के कस्तो भूमिका निर्वाह गर्दा बालबालिकाहरुको पढाइमा प्रगति गर्न सकिन्छ भन्ने कुराहरुलाई प्रस्तुत गरिएको छ ।

बालबालिकाको सिकाइ वातावरण निर्माण गर्नमा अभिभावकहरुको गहन भूमिका रहन्छ बालबालिका जन्मेको अवस्था देखि मृत्युसम्मका विभिन्न क्षणहरुमा घरपरिवारबाट नै प्रथम र आवश्यक कुराहरु सिक्ने गर्दछन् । बालबालिकाका लागि घरपरिवार नै प्रथम र आवश्यकिय पाठशाला मानिन्छ बालकको आधारभुत चरित्रको निर्माण र बालकको विकास सर्वप्रथम घरपरिवारबाट नै हुनेगर्दछ । बालबालिकाको उज्जवल भविष्य बनाउनका लागि अभिभावकको महत्वपूर्ण भूमिका रहेको कुरामा कुनै दुईमत देखिदैन बालबालिकाको सुरक्षा, अनुशाासन माया प्रेम दया सद्भावना सहिष्णुता सहानुभुति र अन्य सिकाइको मूल आधार घरपरिवार हो ।

सामुदायिक विद्यालयका बालबालिकाका लागि अभिभावकले निगरानी तथा चासो पनि कम राखेको पाइयो आफ्ना बालबालिका पढ्ने विद्यालयमा पनि त्यति नजाने बालबालिकाले विद्यालयमा के कस्तो व्यवहार देखाउछन् के कस्तो साथीको संगत गर्छन् आदिका बारेमा खासै वास्ता गरेको पाइदैंन । अभिभावकको थोरै लगानि हुने आफुले नियमित समय खर्चिनुनपर्ने हुनाले पनि होला विद्यालयका ंअभिभावकले बालबालिकाको बारेमा सोधखोज कमै गरेको पाइन्छ । हाम्रा धेरै अभिभावकहरु साक्षर मात्र भएको हुनुलेपनि बालबालिकाको बारेमा पर्याप्त ध्यान दिन नसकेको हो कि यसका लागि अभिभावकका चेतना स्तर अभिवृद्धि को निम्ती अभिभावकको शिक्षा प्रदान गर्ने व्यवस्था राज्यले गर्नुपर्ने देखिन्छ ।

मानवविकासको स्तरमापनको लागि शिक्षा एउटा आधारभूत सुचक हो शतप्रतिशत नागरिकहरु साक्षर भएको देशहरु नै विश्वमा विकसित देशहरुको नामले परिचित भएका छन् मानव समाजलाई सभ्यतातर्फ डोऱ्याउन शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षा सामाजिक आर्थिक र सांस्कृतिक विकासको महत्वपूर्ण सुचक हो गुणस्तरीय शिक्षाले व्यक्ति र उसका परिवारलाई मात्र फाइदा नभइ देशलाई आवश्यक पर्ने सक्षम सवल जिम्मेवार मेहनती र राष्ट्रप्रति बफादार जनशक्तिको निर्माण गर्दछ । शिक्षाले समाजमा रहेका कुरीति, बेथिति र अन्य सामाजिक समस्याहरुको समाधान गर्ने महत्वपूर्ण औजार पनि हो शैक्षिक विकासलाई सर्वाङ्गिण विकासको मेरुदण्डको रुपमा लिइन्छ ।

व्यक्ति व्यक्ति मिलेर समाज बन्दछ त्यसैले व्यक्तिहरुमा आएको सकारात्मक परिवर्तनले सिंगो मानव समाजमा नै सकारात्मक परिवर्तन आएर एक सभ्य समाजको निर्माण हुन्छ । गुणस्तरिय शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैर्सगिक अधिकार हो

शिक्षण सिकाइ कार्यलाई सफल पार्न प्रत्यक्ष रुपमा विद्यालयमा पढाउने शिक्षक शिक्षिकाहरु संलग्न रहेका हुन्छन् शिक्षक अभिभावक र विद्यार्थी तीनै पक्षहरुको राम्रो तालमेल र सक्रियताबाट नै शिक्षण सिकाइ कार्य सफल हुन्छ । यी मध्ये कुनै एक वा दुइ पक्षको मात्र सक्रियताबाट मात्रै शिक्षण सिकाइ कार्य सफल र उपलब्धिमुलक बन्न सक्दैन, विद्यालयका पनि आफ्नै खाले समस्या, र आवश्यकताहरु हुन्छन् त्यस्तै अभिभावकहरुको पनि आफ्नै खाले आवश्यकता र समस्याहरु रहेका हुन्छन् साथै विद्यार्थीहरुको पनि आफ्नै खाले समस्या र बाध्यताहरु रहेका हुन्छन् अभिभावक, विद्यार्थी र शिक्षक तीनैपक्षहरु मिलेमा विद्यार्थीहरुको शिक्षामा सन्तोषजनक प्रगति हुने देखिन्छ ।

बालबालिकाको शिक्षामा राम्रो प्रगति नहुनुमा पारिवारिक वातावरण प्रमुख रुपमा जिम्मेवार रहेको देखिएको छ । यस अध्ययनमा खासगरि अध्ययन गरिएका बालबालिकाहरुको घरको पारिवारिक वातावरणले के कस्तो प्रभाव पारिरहेको छ भन्ने कुराहरुको अध्ययन गरिएको छ । यसका साथै यस अध्ययनमा विद्यालय र घरमा पढ्नका लागि के कस्तो वातावरण हुनुपर्दछ र शिक्षक शिक्षिकाहरु र अभिभावकहरुले के कस्तो भूमिका निर्वाह गर्दा विद्यार्थीहरुको पढाइमा सुधार ल्याउन सकिन्छ भन्ने सुझावहरु पनि प्रस्तुत गरिएको छ ।

आजका बालबालिकाहरु भोलिको परिवार समाज र राष्ट्र हाँक्ने कर्णधारहरु हुन् ।

विद्यालय र परिवारले चाहना गरे अनुरसार बालबालिकाहरुले शैक्षिक उपलब्धि हासिल गर्न नसकेकोमा त्यसको सम्पूर्ण दोष बालबालिकाको मात्र हो, विद्यालय अभिभावक शिक्षक शिक्षिकाबाट कुनै कमिकमजोरि भएको छैन भन्ने परम्परा छ तर यो बिल्कुलै नराम्रो परम्परा हो बालबालिकाहरुले पनि अनेकौं समस्याहरु भोग्नुपरिरहेको कुरा अध्ययनले देखाउँछ । घरको आर्थिक सामाजिक अवस्था पढाइका लागि अनुकुलन नहुनु घरमा पढ्नको लागि उचित वातावरण नहुनु घरपरिवारबाट आवश्यक सामाग्रिहरुको समयमा नै उपलब्धता नहुनु घरमा पढ्नको लागि आमाबाबाको सकारात्मक प्रेरणा प्राप्त नहुनु विद्यालय आउनजानमा समस्याहरु रहनु । शिक्षक शिक्षिकाहरुबाट पनि विद्यार्थीका पिरमर्का नबुझि बालमनोविज्ञानको ख्याल नगरि शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नु जस्ता समस्याहरु बालबालिकाहरुले भोगिरहनुपरेको छ

शिक्षक अभिभावक दुवै पक्ष मिलेर बालबालिकारुले भोग्नुपरेका समस्याहरुलाई निराकरण गरि विद्यालय र घर दुवै ठाउँमा पढ्नका लागि सकारात्मक प्रेरण दिँदै सहज वातावरण तयार गर्न सकेमा विद्यालयको गुणस्तरिय शिक्षा प्रदान गर्ने लक्ष्य र अभिभावकहरुको आफ्ना बालबालिकालाई राष्ट्र सेवक बनाउने इच्छा तथा बालबालिकाहरुको लक्ष्य पुरा हुने सु निश्चत छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनबाट अध्ययन गरिएका बालबालिकाहरुले घरमा सहज रुपमा पढ्ने वातावरण नपाएको देखिन्छ । कुनै पनि बालक परिवारमा जन्मन्छ, हुकन्छ अनि आफनो परिवारको पारिवारिक वातावरण अनुसार उसका क्रियाकलापहरु विकसित हुँदै जान्छ । सर्वप्रथम बालकले आमाबाबु साथै परिवारका सदस्यहरुबाट आधारभुत र जीवन उपयोगी कुराहरु सिक्ने मौका पाउँछ । परिवारबाट आधारभुत र जीवन उपयोगी कुराहरु सिक्ने राम्रो अवसर पाएका बालबालिकाहरुले नै विद्यालयमा पनि पढाइमा राम्रो प्रगति गर्न सकेको पाइन्छ । तर अधिकांश बालबालिकाहरुको बाबाहरु बदेशिक रोजगारीमा संलग्न हुन आमाहरु घरायसी कृषि तथा पशुपालनमा संलग्न हुँदा बालबालिकाको शिक्षामा आमाबाबुको प्रत्यक्ष सहभागिता नहुँदा बालबालिकालाई पढाइमा प्रगति गर्न गाह्रे परेको पाइयो । बालबालिकाहरुको विद्यालय र घरको दुरि टाढा हुनु बाबाआमा कृषि तथा पशुपालन व्यवसायमा संलग्न हुनु घरको आर्थिक समस्याले गर्दा बालबालिकाको आधारभुत

आवश्यकताहरु पनि समयमा नै पुरा नहुनु बाबा आमा आफ्नै बाध्यता तथा समस्याले बालबालिकाको पढाइका सर्न्दभमा विद्यालयमा समयसमयमा उपस्थित हुन नसक्नु आदि विभिन्न कारणहरुले गर्दा बालबालिकाहरुले पढाइमा राम्रो प्रगति गर्न नसकेको पनि पाइयो ।

<u>**बालबालिकाले शिक्षामा आशातित उपलब्धी हासिल गर्न नसक्नुमा निम्न कारणहरु रहेको पाइन्छ**</u>

बालबालिकाको शिक्षामा अभिभावकले शिक्षक शिक्षिका तथा विद्यालयमा उपस्थित भई उनिहरुको पढाइका बारेमा छलफल तथा परामर्श नलिनु । बालबालिकाको पहिलो पाठशाला घर हो र पहिलो शिक्षक शिक्षिका नै बाबाआमा हुन् । आफ्नो घरपरिवारबाट नै शिष्टता, सदाचार र सहिष्णुता तथा जीवन उपयोगि दिर्घकालिन कुराहरु सिक्न नपाउनु । बालबालिकाको अभिभावक कृषि पेशामा संलग्न रहनु । शिक्षाको बहुआयामिक महत्वका बारेमा अभिभावक नै अनविज्ञ हुनु । आमाबाबाको शैक्षिकस्तर कम हुनु । घरको आर्थिक कारणले गर्दा बालबालिकालाई पढ्नका लागि उचित वातावरण निर्माण गर्न नसक्नु । बालबालिकालाई पढाइमा सकारात्मक प्रोत्साहन पुरस्कार प्रदान गरेर प्रेरणा जगाउने खालको व्यवहार अभिभावकले प्रदान गर्न नसक्नु आदि ।

यस अध्ययनले के प्राप्त गरेको छ भने बालबालिकाको शिक्षा आर्जनमा अभिभावकको अत्यन्त महत्वपुर्ण महत्वपूर्ण रहन्छ । अर्थात् अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा जति ध्यान दिन्छन् उनीहरुको आवश्यकता र चाहनाको ख्याल गर्दै पढ्नको लागि उचित वातावरण निर्माण गरिदिन्छन् । उनीहरुका बालबालिकानै पढाइमा अग्रस्थानमा परेको देखिन्छ । विद्यालयका सम्पूर्ण बालबालिकाहरु पढाइमा प्रगति गर्न चाहन्छन्  निरन्तर पढाइलाई अगाडि बढाउन चाहन्छन् तर कतिपय घरको सामाजिक आर्थिक पक्षले गर्दा पढाइमा पछि परेको देखिन्छ ।

## ६.३ सुझावहरु

विद्यालयमा अध्ययनरत बालबालिकाहरुले विभिन्न समस्याहरु भोग्नुपरेका कारण उनीहरुले पढाइमा राम्रो प्रगति गर्न नसकेको देखिन्छ । बालबालिकाको साथी सँगत र छरछिमेकमा कस्ता मानिसहरु बस्छन् आमाबाबुको शैक्षिक स्तर कस्तो छ । बालबालिकाले घरमा पढ्ने उचित वातावरण पाएका छन् कि छैनन अभिभावकहरु बालबालिकाको

पढाइप्रति कतिको सचेत र सर्तक रहेका छन् । घरको सामाजिक आर्थिक अवस्था कस्तो छ । जस्ता कुराहरुको जानकारी सम्बद्ध सबै पक्षहरु सँग हुनुपर्दछ । विद्यालयमा अध्यापन गराउने शिक्षक शिक्षिकाहरु र अभिभावकहरु सबै मिलेर बालबालिकाले भोग्नु परेका समस्याहरुको पहिचान गरी बालबालिकाहरुलाई विद्यालयको साथै घरमा पनि पढ्नको लागि उचित वातावरण निर्माण गरि उनीहरुको पढाइलाई उपलब्धी मुलक बनाउन सक्नु पर्छ ।

- अभिाभावकहरु आफ्ना बालबालिकाको पढाइका विषयमा पुर्णरुपमा विद्यालयमा मात्र निर्भर नरहि सधैं आफ्ना बालबालिकाको उज्वल भविष्यका लागि पूर्णरुपमा समय दिन जरुरी देखिन्छ ।
- अभिभावकद्वारा घरमा आफ्नो छोराछोरीलाई शिष्टता शहिष्णुता र सहनशीलता जस्ता आधारभुत र जीवन उपयोगी कुराहरु सिकाउनु पर्छ । जसले गर्दा उनीहरुको व्यक्तित्व विकासमा मद्दत गर्दछ ।
- बुबाहरु बैदेशिक रोजगारको सिलसिलामा विदेशमा नै रहेका कारण बालबालिकाको पढाइमा परेको सकारात्मक तथा नकारात्मक असरका बारेमा थप अध्ययन गर्नु पर्ने देखिन्छ ।
- कृषि तथा पशुपाल व्यवसायलाई आर्थिक आम्दानिको बलियो स्रोत बनाउन किसानलाई मल, बिउ, किटनाशक विषादी आदि सर्वसुलभ मुल्यमा उपलब्ध गराउनु पर्दछ । साथै बिमा कार्यक्रमलाई सजिलो र आकर्षक बनाउनु पर्दछ ।

# सन्दर्भग्रन्थ सुची

अधिकारी, लिला (२००८), *शिक्षामा लैङ्गिक विभेद सम्बन्धी महिलाको दृष्टिकोण,* एसआईआरएफ, एसएनवी नेपाल ।

अधिकारी, टुकराज (२००८), *तनहुँमा बालबालिकाको अवस्था,* नेपाल सरकार जिल्ला बालकल्याण समिति, दमौली, तनहुँ ।

ओझा, प्रकाश (२०६३), *छोरा छोरीको व्यक्तित्व विकास स्कुल ! आहा क्या मज्जा,* पोखरा : अभियान अफसेट प्रेस, भिमसेन टोल ।

शर्मा, चिरञ्जीवी एण्ड शर्मा, निर्मला (२०६५), *शिक्षा मनोविज्ञान,* काठमाडौं : एम .के पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स, भोटाहिटी ।

झा, शोभाकान्त (२०६४), *शिक्षा मनोविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स, भोटाहिटी ।

पराजुली, रमेश राज (२०७३), *स्कुल साइकोलोजि,* वागबजार, काठमाडौं : सनराइज पब्लीकेसन ।

प्रधान भुवनलाल, (२०६४) अनुवादक बच्चाको विकासको विधी ,रिचार्ड जोसेफन बुक पिल्ग्राम हाउस

भट्राई, आत्मराम (२०७२), *शैक्षिक सामान्य ज्ञान,* काठमाडौं : भूडिँपुराण प्रकाशन ।

बेल्वासे, नारायण प्रसाद र नारायण प्रसाद पन्थ (२०६६), *शिक्षाको दर्शनशास्त्रिय एवं समाजशास्त्रिय आधार,* काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसरस एण्ड डिस्ट्रब्युटर्स ।

तनहुँ शैक्षिक दर्पण (२०७३) शैक्षिक दर्पण : जिल्ला शिक्षा कार्यालय वर्ष १ , अंक १

लुइँटेल, चक्रपाणी (२०६५), *समकालिन समाज,* काठमाडौं : निमा पुस्तक प्रकाशन प्रदर्शनी मार्ग ।

वाग्ले. र मनप्रसाद र लेखनाथ पौडेल (२०१०) बालविकास र सिकाइ , काठमाण्डौं सनराइज पब्लिकेसन

वस्ती, शरदचन्द (अनुवादक) (२०७१), *हामी आमाबाबु सिकाई समुह,* काठमाडौं : सिटी अफसेट प्रेस, ललितपुर, अनामनगर ।

विश्वकर्मा, भुवनसिंह (२०५७), *दलित बाबालबालिकाको शिक्षामा प्रभाव पार्ने कारक तत्व,* काठमाडौं : अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा, गोपिनाथ (२०५८), *नेपालको शैक्षिक इतिहास,* काठमाडौं : मकालु पुस्तक प्रकाशन ।

शिवाकोटि, गोपाल (२०७२), *नेपालको संविधान,* नेपाल सरकार, कानुन न्याय संविधान तथा संसदिय मामिला मन्त्रालय कानुन किताब व्यवस्था समिति, पैरवी प्रकाशन विद्यामन्दिर कम्पलेक्स ।

शर्मा, चिरञ्जीवि, शर्मा निर्मला (२०६६), *शिक्षा मनोविज्ञान,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

शाक्य, कर्ण (२०६१), *सोच नेपाली,* नेचर डट कम, हात्तिसार काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, चिरञ्जीवी एण्ड शर्मा, निर्मला (२०७३), *बालबालिका र सिकाई,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्युर्टस, भोटाहिटी ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौं : पैरवी प्रकाशन ।

होवे, माइकल (१९९८), एक्सटर युनिभर्सिटी म्याक ग्रा हिल बुक न्युयोर्क अमेरिका ।

Rao, C.N. Shankar (2001), Sociology: Primary Principal;s, New Delhi, S. Chand and Company Ltd., India.

Ritzer, George (1996), *Modern Sociological Theory,* McGraw Hill Company, New Delhi.

## अनुसूचीहरु

### अनुसूची एक

उत्तरदाता विद्यार्थीको लागि अन्तरवार्ता अनुसूची

विद्यालयको नाम ...............　　　　मितिं.........................

विद्यार्थीको नाम .................　　　　फोन नं.........................

कक्षा...............................　　　　लिङग ...............................

रोल नं.............................　　　　धर्म................................

उमेर ...............................　　　　जातजाति..............................

अभिभावकको नाम ...................　　　　ठेगाना................................

१.तिम्रो परिवारमा को को हुनुहुन्छ ?

उत्तर :.....................................................................................

२. तिमीले सिक्ने क्रममा सहयोग गर्ने व्यक्ति को हो ?

उत्तर :क अभिभावक　　　　ख. शिक्षक

ग.कोहि पनि छैन　　　　घ.माथिका सबै

३.तिमीले सर्वप्रथम अकं अक्षर कसबाट सिक्यौ ?

क.आमाबाबुबाट　　　　ख.साथी भाइबाट

ग.नातेदारबाट　　　　घ.आफै

४.तिमीले स्कुलमा पढ्ने प्रेरणा कसबाट पायौं ?

क. आमाबाबु बाट　　　　ख. साथिभाइबाट

ग. नातेदारबाट　　　　घ.आफैं

५. तिमीलाई गृहकार्य गर्न कठिनाइ भएमा को सँग सोध्छौ ?

क.गृहकार्य नै गर्दिन ख. साथीको सार्छु

ग. अभिभावकसगँ घ.छिमेकीसँग

६.कति कक्षासम्म पढ्ने विचार छ ?

क. आमाबाबुले पढाएसम्म ख. एस.एल.सी. सम्म

ग. एस.एल. सी भन्दा माथी

७. घरमा खेल्ने र मनोरञ्जन गर्ने समय कति पाउछौ?

उत्तर : ........................................................

८. पढेर भविष्यमा के गर्ने विचार छ ?

उत्तर : ..........................................................................................

९. परिवारका सदस्यहरुबाट पढाइमा कतिको सहयोग पाएका छौ ?

उत्तर : ...........................................................................................

१०. घरपरिवारका सदस्यहरुलाइ घरका काममा सहयोग गर्नुपर्छ कि पर्दैन?

उत्तर : ..................................................................................................

११. तिमीले कुनै नयाँ विषयमा जानकारी लिन खोज्दा तिम्रा बाबाआमाले कस्तो प्रतिक्रिया जनाउनुहुन्छ?

क. रिसाउनुहुन्छ ख.खुशि भएर उत्तर दिनुहुन्छ

ग.कुनैपनि प्रतिक्रिया जनाउनुहुन्न घ.अन्य

१२. तिम्रो आमाको शैक्षिक योग्यता कति छ ?

उत्तर : ...................................................................................

१३. तिम्रो बुबाको शैक्षिक योग्यता कति छ ?

उत्तर : ...............................................................................................

१४.तिम्रो बाबाको पेशा के हो ?

उत्तर : .................................................................

१५. घरमा  के कति समय पढने र गृहकार्य गर्ने गर्छौ ?

उत्तर : ...............................................................................................

१६.तिमी स्कूल वा टोलमा अतिरित्त कार्यक्रम तथा खेलकुदमा सहभागी भै खेलेकोमा तिम्रा अभिभावकहरु  खुशि हुनुहुन्छ की हुनुहुन्न ?

क.खुशि हुनुहुन्छ                              ख. खुशि हुनुहुन्न

१७.तिमीबाट कहिलेकाहिं अन्जानमा गल्ती काम हुन गयो भने तिम्रा अभिभावकले के गर्नुहुन्छ ?

क.गाली गर्नुहुन्छ                              ख.खुशि हुनुहुन्न

ग. उत्त गल्ती कामको गलत परिणामबारे सम्झाएर अब देखि त्यस्तो काम नगर्न सुझाव दिनुहुन्छ ।

घ.पिट्नुहुन्छ

१८.तिम्रा अभिभावकले तिमीलाइ आवश्यक पर्ने शैक्षिक सामाग्रिहरु समयमै किनिदिनुहून्छ कि आनाकानि गर्नुहुन्छ ?

उत्तर : ..............................................................................................

१९. तिम्रो परिवारमा तिमी बिरामी पर्दा कसले हेरविचार गर्नुहुन्छ ?

उत्तर :.........................................................................................................

२०. तिमी विद्यालय नियमित जान्छौ कि जादैनौ ?

उत्तर : ....................................................................................................

२१. तिम्रो घरमा आउने नातेदार तथा इष्टमित्रहररुले घरमा आएको समयमा तिम्रो पढाइका विषयमा कुनै जिज्ञासा राख्नुहुन्छ कि हुदैंन ।

उत्तर : ......................................................................................................

२२. तिमीलाई सरसफाइमा ध्यान दिनुपर्छ ,भन्नेकुरा कसले सिकाउनुभयो ?

क.अभिभावकले ख.शिक्षक शिक्षिकाले

ख.साथीभाइले ग.माथिका सबैले

२३.तिम्रो परिवारमा आफुभन्दा सानालाइ कस्तो व्यवहार गर्ने चलन छ ?

क.माया गर्ने चलन छ ख.बेवास्ता गर्ने चलन छ

२४. तिम्रो अभिभावकले तिमीले अध्ययन गर्ने विद्यालयको मासिक शूल्क नियमित बुझाउनुहुन्छ ?

क.हुन्छ ख.हुदैन ग कहिलेकाहिँ मात्र

२५. तिमीले विद्यालयमा लिइने मूल्याकंन परीक्षामा कम अंक ल्याएमा अर्थात् फेल भयौ भने तिम्रा आमाबाबुले तिमीलाइ के सल्लाह दिनुहुन्छ ?

क. गालि गर्नुहुन्छ ख. कुनै वास्ता गर्नुहुन्न

ग.अब धेरै मेहनत गरेर पढ भन्नुहुन्छ ग.अतिरित्त कक्षाको व्यवस्था गरिदिनुहुन्छ

२६ . अन्य केहि भन्न चाहन्छौं ?

उत्तर :......................................................................................................

सहयोगको लागि धन्यवाद ।

## अनुसुचि दुई

उत्तरदाता विद्यार्थीका  अभिभावकका लागि अन्तरवार्ता अनुसूचि

विद्यालयको नाम  :..................................... मिति : .................................

विद्यार्थीको नाम :......................................... फोन नं :.................................

कक्षा : .............................. लिङग : .............................

रोल नं :.................................. धर्म : ...........................

उमेर ः.................................. जातजाति : .......................

अभिभावकको नाम : ........................... ठेगाना : ...........................

शोध शिर्षक : बालबालिकाको शिक्षा प्रकृयामा अभिभावकको भूमिका

तलका प्रश्नहरुको आफुलाई मिल्दो उत्तरमा चिन्ह लगाइ आवश्यक ठाउँमा आफ्नो विचार व्यत्त गर्न अनुरोध गरिन्छ।

१. बालबालिकाको विचार र अनुभूतिहरुलाइ बुझने र आदर गर्ने प्रमुख दायित्व कसको हो ?

क.कसैको पनि होइन ख. उनीहरुको साथीभाइको

ग. अभिभावकको घ. एकदम कम

२.तपाइको छोराछोरी बिहान कति बजे उठ्ने र बेलुका कति बजेसम्म पढ्ने चलन छ ?

उत्तर : ..........................................................................................................

३.तपाइँको परिवारको सदस्यहरुको संख्या कति छ ?

उत्तर :..........................................................................

४. शिक्षाको महत्वका बारेमा बताइदिनुहुन्छ कि ?

उत्तर : .........................................................................................

५ .तपाईको छोराछोरिले भविष्यमा के कस्तो पेशा व्यवसाय गरे हुन्थ्यो भन्ने लाग्छ ?

उत्तर : ..................................................................................

६. तपाईको छोराछोरिलाई भविष्यमा के कस्तो प्रकारको नागरिक भएको बनाउन चाहनुहुन्छ ?

उत्तर : .......................................................................................................

७.तपाई आफ्ना छोरा छोरिको पढाईका साथसाथै अतिरित्त क्रियाकलापका लागि कत्तिको सहयोग गर्नुहुन्छ ?वा कार्य व्यस्तताका कारण समय दिन सक्नु भएको छैन ?

उत्तर : .........................................................................................................

८. तपाई आफ्ना छोराछोरिको शैक्षिक उपलब्धि थाहापाउन वर्षमा कति पटक विद्यालयमा उपस्थित हुनुहुन्छ ?

उत्तर : ..........................................................................................................

९. तपाईको छोराछोरि नियमित रुपमा विद्यालयमा उपस्थित भइरहेका छन् कि छैनन् ?

उत्तर : ..........................................................................................................

१०. तपाईको छोराछोरिले नियमित रुपमा विद्यालयमा बुझाउन पर्ने गृहकार्य गरेर नबुझाएको जानकारी शिक्षक शिक्षिका तथा विद्यालयबाट पाउनु भयो भने उसलाई नियमित रुपमा गृहकार्य गर्न कसरि सम्झाउनुहुन्छ ?

उत्तर :..........................................................................................................

११. परिवारको मासिक आम्दानी कति जति छ ?

उत्तर :.........................................................................................................

१२.तपाई आफ्ना छोराछोरिले खराब साथीसँग घनिष्टता बढाएको थाहापाउनु भयो भने उसलाई कसरी त्यस्तो साथीको संगतबाट छुटाउन के उपाय गर्नुहुन्छ ?

उत्तर : ..........................................................................................................

१३.तपाईको छोराछोरिले  विद्यालयबाट अनुशासनको नाममा वा केहि कमजोरिमा शारीरिक यातना  पाए भने तपाई आफ्ना छोराछोरि तथा विद्यालय परिवारसँग के कसरि प्रस्तुत हुनुहुन्छ ?

उत्तर : ...........................................................................................................

१४. तपाईको छोराछोरिले आफ्नो घरमा आएको अतिथिको सत्कार गर्न जानेका छन् कि छैनन् ?

उत्तर : ..........................................................................................................

१५. विद्यालयबाट लिइने सिकाई उपलब्धि मूल्याकंन परिक्षामा  तपाईको छोराछोरिले तपाईले सोचे अनुसारको  अकं प्रतिशत ल्याउन सफल भएमा यसलाई अझै उत्साहित गर्न के गर्नुहुन्छ ?

उत्तर : .....................................................................................................

१६. अन्य केहि भन्न्न चाहनुहुन्छ ?

उत्तर : .................................................................................................

सहयोगको लागि धन्यवाद ।

## अनुसूची : तीन

विद्यालयका शिक्षक शिक्षिकाहरुका लागि तयार पारिएको अन्तरवार्ता अनुसूची

विद्यालयको नाम : .......................................  मिति : ..............................

विद्यालय रहेको स्थान : ..............................

शिक्षकशिक्षिकाहरुको संख्या : .......................

विद्यालय भवनको संख्या : .............................

१. शिक्षक अभिभावक बैठकमा कति प्रतिशत अभिभावकहरु विद्यालयमा उपस्थित हुनुहुन्छ ?

उत्तर : ..................................................................................................

२. विद्यालयबाट एक शैक्षिकसत्रमा कति पटक विद्यार्थीको शिक्षण सिकाई उपलब्धि मूल्याकंन परीक्षा सञ्चालन गरिन्छ ?

उत्तर : ..............................................................................................................

३. विद्यालय अभिभावक बैठक बर्षमा कतिपटक बस्नुहुन्छ ?

उत्तर : ...............................................................................................................

४.शिक्षण सिकाई उपलब्धि मूल्यांकन परीक्षाको प्रकाशन गर्दा आफ्ना बालबालिकाको सिकाई उपलब्धि थाहा पाउन सरदर कति प्रतिशत अभिभावकहरु विद्यालयमा नियमित रुपमा विद्यालयमा उपस्थित हुनुहुन्छ ?

उत्तर : ...............................................................................................................

५. शिक्षण सिकाई उपलब्धि मूल्यांकन परिक्षामा कम अकं  प्रतिशत ल्याई फेल हुने विद्यार्थीको  अभिभावकको कस्तो प्रतिक्रिया रहन्छ ?

उत्तर : ...............................................................................................................

६. नियमित रुपमा विद्यालयबाट दिइने गृहकार्य नगरि विद्यालयमा उपस्थित हुने विद्यार्थीको लागि विद्यालयले के कस्तो उपाय अपनाई नियमित रुपमा गृहकार्य गरेर आउने वातावरण श्रृजना गर्दछ ?

उत्तर : ...........................................................................................................

७. विद्यालयमा धेरैजसो अनुपस्थित हुने विद्यार्थीका लागि विद्यालयले के व्यवस्था गर्छ ?

उत्तर : ...........................................................................................................

८. विद्यायालयबाट दिइएको गृहकार्य विद्यार्थीले घरमा गर्न नजानेका कारण नगरी विद्यालय आयो भने शिक्षक शिक्षिकाहरुले के कस्तो उपायद्धारा उसलाई गृहकार्य गर्न सक्षम गराउनुहुन्छ ?

उत्तर : ...........................................................................................................

९.कति प्रतिशत अभिभावकले नियमित रुपमा विद्यालयका प्राध्यानाध्यापक सँग भेटघाट गर्नुहुन्छ ?

उत्तर : ...........................................................................................................

१०. बालबालिकाको सिकाइलाइ प्रभावकारी बनाउन छात्रवृत्तिको व्यवस्था गर्ने कसको दायित्व हो ?

उत्तर : ...........................................................................................................

११.अन्त्यमा केहि भन्नु छ कि ?

उत्तर : ...........................................................................................................

सहयोगको लागि धन्यवाद ।

## अनुसूची : चार

घर तथा छिमेकको परिवेश अवलोकन सुची

जिल्ला : ............................ मिति : ..............

गाउँपालिका : .................... परिवारले मानेको धर्म :

गाउँटोल : .....................................

१. परिवारको सदस्यहरुको शैक्षिक अवस्था

क. साक्षर सदस्यहरुको संख्या ......................................

ख. एस.एल. सी. पास गरेका सदस्यहरुको संख्या ................................................

ग. एस.एल.सी. भन्दा माथि शैक्षिक योग्यता भएका सदस्यहरुको संख्या ......................

२.परिवारका सदस्यहरुले अपनाएका मुख्य आर्थिक क्रियाकलापहरु ...........................

३. परिवारका सदस्यहरुको बोलचाल गर्ने तरीका ...................................

४. परिवारका सदस्यहरुको मातृभाषा .........................................................

५. परिवारका सदस्यहरुको मूख्य धर्म .......................................

६.घरपरिवार रहेको स्थान

क . गाउँमा ख. बजारमा

७.परिवारको प्रकार

क. एकल ख. संयुत्त

८. घरको प्रकार

क. जस्ताको छाना ख. खरको छाना ग. ढलान गरेका छाना

९. घरको कोठाहरुको संख्या


१०. घरबाट विद्यालय जान लाग्ने समय ................................................

११. विद्यालय जाने हिडेर वा बसमा ........................................

१२.मुख्य व्यवसाय ...................................

# अनुसूचि : पाँच

## अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र